# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपालमा माझी समुदाय बसोवास गर्ने क्षेत्रमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरपस्ट भएर फैलिएको पाइन्छ । यसमध्ये रामेछाप, सिन्धुली, रौतहट, बारा, पर्सा, महोत्तरी, काभ्रेपलाञ्चोक, झापा, सुनसरी, मोरङ जिल्लामा बढी संख्यामा माझीहरुको बसोवास छ । जिल्लाका आधारमा भन्नु पर्दा सिन्धुली जिल्लाका विभिन्न गा.वि.स.हरुमा माझी जातिको बसोवास मध्ये फुलपिङ्ग डाँडा, पांग्रेटार, कदमबास, सांगाचोक, भिमटारमा यिनीहरुको मुख्य बसोवास रहदै आएको पाइन्छ । हालसम्म यी जातिहरुको अध्ययनमा मानवशास्त्री र समाजशास्त्रीहरुले यिनीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक रहनसहन तथा भाषिक उत्पति आदिको अध्ययन भएको कमै पाइन्छ । यस जातिको बसोवास क्षेत्र मध्य टाँडी गा.वि.स. वडा नं. ५ मा रहने माझीहरुको आ-आफ्नै किसिमको मौलिक संस्कृति देख्न पाइन्छ । उनीहरुको आफ्नै भाषा र आफ्नै मौलिक परम्परा भएपनि लिपिको भने अभाव छ । उनिहरुसंग संवन्धीत लोक साहित्य पनि लेखबद्ध र संगठित छैन । उनिहरुको गाउँ एवं घरवास बनाउने आफ्नै परम्परा छन् । गहना एवं पहिरन आफ्नै खालको छ । उनीहरुको शिकार खेल्ने एवं माछा मार्ने, खेती गर्ने तरिका पनि आफ्नै ढंगको छ । माझीहरु हिन्दु धर्म मान्दछन्, तापनि धर्मलाई अपनाउने प्रक्रिया एवं विधि, विधानहरु पनि आफ्नै खालका छन् ।

माझी समूदायमा सम्पन्न गरिने संस्कारहरु प्रायः हिन्दु पर्वते समुदायसंग मिल्ने भएतापनि जन्म भएपछि नामाकरण गर्दा, पास्नी, छेवर, विवाह एवं मृत्यु संस्कारहरुमा पनि प्रशस्त मौलिकता पाइन्छ । माझी समुदायमा श्री ५ सुरेन्द्रका पालामा लालमोहर प्राप्त गरी अस्तित्वमा आएको माना प्रथाले माझी समुदाय भित्र न्यायिक, राजनैतिक र धार्मिक संगठनको रुपमा काम गर्दथ्यो । तर यो प्रथा पंचायती व्यवस्था बलियो हुँदै गएपछि त्यसको कार्यक्रम पंचायतमा स्थानान्तरण भएकोले हाल माना प्रथाको अस्तित्वमा ह्रास आएको छ । यस्तै यो समुदायको

कल्याणको लागि सामाजिक कोष पनि राखिएको छ। माझी समुदाय भित्र आपसी व्यवहार सहज बनाइराख्न श्रम विनिमय प्रथा (पर्म) ले महत्वपूर्ण भूमिका खेलेको छ।

समाज इतिहासको कुनै पनि कालखण्डमा स्थिर रहदैन । समाजमा रहेको हरेक कुराहरु परिवर्तन भइरहन्छन् । त्यस्तो परिवर्तनले प्रत्येक समुदायको भाषा, संस्कारहरु एवं जीवनशैली जस्ता कुराहरुमा प्रभाव परेका हुन्छन् । विश्वमा आएको विभिन्न परिवर्तनबाट नेपाली भाषा, संस्कृति, संस्कार तथा जीवनशैलीमा परिवर्तन भैरहेको छ भने यस्तै प्रक्रिया माझी समूदाय भित्र पनि रहेको हुँदा माझी समुदाय भित्रको मौलिक संस्कृतिमा परिवर्तन भइरहेको छ भन्नुमा अत्युक्ति नहोला ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक, वहुसाँस्कृतिक वहुधार्मिक र वहुजातिय विशेषता युक्त राष्ट्र हो । नेपाल वहुविशेषतायुक्ता राष्ट्र भएकोले यहाँ जातजाति, भाषाभाषी, धर्म, साँस्कृतिक अनुसार फरक फरक रहन-सहन भाषा धर्म, मूल्य मान्यता प्रजा परमपरा रहेकौ पृथक पृथक भौगोलिक क्षेत्रमा यी जातजातिको बसोवास रही आएको पाइन्छ । यही विविध जातजातिहरुको मूल्य मान्यता परम्परा र सँस्कुति नै वास्तवमा नेपाल राज्यको मौलिक पहिचान र अमूल्य नीधि हो । यी सांस्कृतिक धार्मिक परम्परा देखि वाहेकका हरेक पक्षहरुमा नेपाल विश्व समुदायमा अत्यन्तै पिछडिएको छ । यस अवस्थामा सिंगो नेपालकै राष्ट्रकै उन्नति, प्रगति र विकासका खातिर आवश्यक अनुसन्धान अध्ययन हुनुपर्ने आवश्यकता छ ।

यस तथ्यलाई हृदयंगम गर्दै नेपालका जनजाति मध्येका माझी समुदायको परम्परागत पेशा, माछा मार्ने, ढुङ्गा चलाउने, मर्चा बनाउने, जाँड बेच्ने, खेतीपाती र पशुपालन जस्ता पेशाका कारण शैक्षिक, आर्थिक र राजनीतिक रुपमा पिछडिएका हुन् जसको सुक्ष्म अध्ययन गरी तिनहरु समुत्थान, समुन्नती र सम्वृद्धिको लागि के कस्ता योजना र रणनीति अपनाई देश निर्माणको मूल प्रवाह र देशको प्रशासनिक र शासन व्यवस्थामा उनीहरुको पहुँच बढाउन सकिन्छ भन्ने उद्देश्यले

माझी समुदायको अध्ययन अनुसन्धान गरी माझी समुदायले भोग्नु परेका विद्यमान समस्याहरुको निराकरण गर्ने प्रयास प्रस्तुत सोधपत्रबाट गरिएको छ ।

हुन त यस भन्दा अघि पनि माझी समुदायको वारेमा थुप्रै लेख रचनाहरु, खोज अनुसन्धान, अन्वेषण नभएको होइन । त्यस्ता पूर्व प्रकाशित लेख, रचना खोज अनुसन्धानले समग्र माझी समुदायको नाममा कुनै निश्चित क्षेत्रमा मात्र आधार बनाएर अध्ययन अनुसन्धान राखेबाट सो रचना र अनुसन्धान अपूरो र अपूर्ण रहेकोले यस क्षेत्रमा बसोवास गर्ने माझी समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुको यथार्थ चित्रण हुन सकेको छैन ।

कमला नदीको किनारमा बसोबास गरेका आम्दानीको प्रमुख स्रोत परम्परागत पेसा माछामार्ने भएपनि हाल उनीहरुको मुख्य पेशा खेतीपाति, ज्याला मजदुरी, गर्दै आएका र यस अध्ययन क्षेत्रमा माझी जाति नोकरी, व्यापारमा अति कम र उद्योगमा शूल्य देखिन्छन् । शिक्षाको महत्व र अवसरबाट पछाडी परेका यस क्षेत्रका माझी जाति कम मात्रामा साक्षर छन् । माझी जाति क्रमशः उसका मौलिकपनहरु, संस्कारहरु लोप हुँदै गएर परसंस्कृतिकरण तर्फ गइरहेको देखिन्छन् । यस क्षेत्रमा पुरानो आदिबासीका रुपमा रहेका माझी जाति आफूसँग भएको जग्गा जमिन बेच्दै जीवनयापन गर्दै जाँदा हाल आएर केही माझी जाति सुकुम्बासी भएर ठाउँ छोडी अन्यन्त्र खोलाका किनारमा बसोबास गर्न पुगेको अवस्था छ । अर्को तर्फ अन्य माझी जातिहरुले पनि भूमि बेच्दै लालनपालन गर्दै जाने प्रक्रियाले भविष्यमा यस क्षेत्रमा माझी जाति थिए रे भन्ने किंवदन्तीको रुपमा कहानीमा परिणत हुनेछ ।

वास्तवमा अन्य जातजातिको तुलनामा अल्पसंख्यक रुपमा रहेका माझी  जातिको वारेमा यस भन्दा अघि खास ठोस अध्ययन अनुसन्धान हुन नसकेकोले नेपालको करीब ६८ जिल्लामा छरिएर रहेको भएता पनि राज्यबाट उपेक्षित हुनाले नेपालका सम्पूर्ण माझी समुदायको वास्तविक चित्रण गर्न वान्छनीय भएको एकातिर छ भने अर्को तिर समयको प्रवाह र विज्ञान प्रविधिको चरम विकासले विश्व समुदायमा तिव्रतर परिवर्तन छाएको परिप्रेक्ष्यमा माझी समुदायले परम्परागत रुपमा अपनाउँदै आएको डुङ्गा चलाउने, माछा मार्ने, जाँड बेचने, कृषि पशुपालन र उनिहरुको सामाजिक हैसियतमा समेत परिवर्तन आई सकेको र उनीहरुको पेशालाई समय सापेक्ष विकास उन्नती गर्न पनि तड्कारो आवश्यकता भएको एवं माझी समुदायको सामाजिक सांस्कृतिक

पक्षहरुमा समेत सुधारात्मक र परिवर्तन गामी पाइला चाल्न आवश्यक रहेको छ । यस शोधमा शोध कर्ताले  उजागर गर्न खोजेका  अनुसन्धानको प्रश्न निम्न अनुसारको रहेको छ ।

१. माझी जातीमा सामाजीक आर्थिक अवस्था कस्तो छ ?

२. माझी जातीको मुख्य आम्दानीको श्रोतहरु के के हुन ?

३. माझी जातीका परम्परागत तथा आधुनिक पेशा व्यवसाय कस्तो छ ?

४. माझी जातीका सामाजीक आर्थिक चुनौती र समाधानका उपाय के के हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्यहरु

अध्ययनको क्षेत्रमा रहेका माझी जातिको सामजीक तथा आर्थिक अवस्थाको अध्ययन गर्नु यस अनुसन्धानको सामान्य उद्देश्य हो । यस अन्तर्गत निम्नानुसारको विशिष्ट उद्देश्यहरु रहेका छन् ।

- माझी जातिको सामाजिक अवस्थाको बारेमा प्रकाश पार्नु, र
- माझी जातिको आर्थिक अवस्थाको वारेमा प्रकाश पार्नु ।

## १.४ अध्ययनको महत्व

विभिन्न जातिको संगमस्थल भएको नेपालमा बसोबास गर्ने कुनै पनि जातिले आफ्नो सांस्कृतिक, राजनीतिक, आर्थिक तथा सामाजिक पक्षमा विकास गरेर, आफ्नो जातीय पहिचान प्रस्तुत गरेका छन् । कुनै पनि जातिको उपर्युक्त कुराको अध्ययनबाट मात्र सहिरुप झलकाउन सकिन्छ । एउटै देश नेपालमा बस्ने कुनै पनि जातिको कुनै एक पक्ष माथि परिवर्तन हुनासाथ सिंगो नेपालको विकासमा बाधा पुग्दछ , तसर्थ नेपाल र नेपालीको विकास गर्न नदी किनारमा वसोवास गर्ने पिछडिएका उत्पीडित जनजाति तथा समुदाय तर्फ उचित ध्यान दिन अनुसन्धानको महत्वपूर्ण भूमिका रहन्छ । इतिहास निर्माणमा पनि अनुसन्धानको भूमिका महत्वपूर्ण हुन जान्छ । सबै समुदाय भित्रका सुक्ष्म कुराहरुलाई केलाएर जनसमक्ष प्रकाश पर्न अनुसन्धानको नै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो अनुसन्धानका क्रममा समाजशास्त्रीय दृष्टिकोणले माझी समाजका सामाजिक, सांस्कृतिक, आर्थिक पक्षहरुमाथि प्रकाश पारिने हुँदा यसले माझीजातिको विकास

गर्नका लागि नीति निर्माणमा सहायक हुनुका साथै यस जातिको चौतर्फी विकास गर्नका लागि राष्ट्रिय स्तरमा योजना तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## १.५. अध्ययनको संगठन

यस सिन्धुली जिल्ला टाँडी गा.वि.स. का माझी जातिको सामाजिक, आर्थिक, तथा सांस्कृतिक पक्षको एक अध्ययन शीर्षकको शोधपत्रलाई ६ अध्यायमा विभाजन गरिएको छ । प्रथम अध्यायमा परिचय अन्तर्गत पृष्ठभूमी, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा अध्ययनको संगठनको सम्बन्धमा चर्चा गरिएको छ । दोश्रो अध्यायमा सान्दर्भिक साहित्यको संक्षिप्त सिंहावलोकन गरिएको छ भने तेश्रो अध्यायमा अध्ययन विधि सम्बन्धमा प्रकाश पारिएको छ जसमा

अध्ययन क्षेत्रको छनौट, नमूना छनौट, तथ्यांकको श्रोत, तथ्यांक संकलन विधि, तथ्यांकको विश्लेषण विधि तथा अध्ययन क्षेत्रको संक्षिप्त जानकारी गराईएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको वारेमा व्याख्या गरिएको छ ।

शोध अनुसन्धानको मुख्य विषयबस्तुलाई पाँचौ अध्यायमा विस्तारपूर्वक तथ्यांकहरुको प्रस्तुती र विश्लेषण सहित विभिन्न उपशीर्षकहरुमा प्रस्तुत गरिएको छ । जसमा माझी समुदायको सामाजिक तथा आर्थिक पक्ष, उनीहरुको इतिहास, जातीय नामाकरण, गोत्र, जात, थर विभाजन, शारिरीक बनावट, स्वभाव तथा वसोवास र जनसंख्याको साथै उनीहरुको राजनीतिसंगको सम्बन्धको बारेमा चर्चा गरिएको छ । माझीजातिको सांस्कृतिक परिचयलाई मुख्यतः भौतिक, संस्कृति अन्तर्गतः भाषा, बोलचाल साहित्य, घरवास, खानपान, पहिरन, गहना, भाडार्वतन र प्रयोगमा आउने अन्य साधनहरु तथा बाजागाजा । अभौतिक संस्कृति अन्तर्गतः धर्म, देवी देवता, चाडपर्व, मनोरञ्जन तथा व्यवहार एंव विश्वासहरु सामाजिक संरचना परिवार, महिलाका स्थिति, नातेदार मानजन प्रथा, सामाजिक कोष तथा धर्म र सामाजिक संस्कार अन्तर्गत जन्म एवं नामकरण, पास्नी, छेवर, विवाह एवं मृत्यु संस्कार सम्बन्धमा चर्चा गरिएकोछ भने आर्थिक पक्षको सन्दर्भमा तिनिहरुले उपभोग गर्दै आएको भूमि, पशुपंक्षीको पालन, बार्षिक आम्दानी आदि समावेश गरि ब्याख्या र विष्लषण गरिएको छ।

छैठौं तथा अन्तिम अध्यायमा सम्पूर्ण अध्ययनको विषय वस्तुको निर्ष्कष तथा सुझावहरुलाई प्रस्तुत गरिएको छ । साथै प्रस्नावलीको नमूना, संगठित अन्तर्वातामा सोधिएका प्रश्नहरु प्रमुख सम्बन्धित केही तथ्यांकहरुलाई परिशिस्टाङ्कमा समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको समिक्षा

आदिकाल देखिका वासिन्दा भएपनि नदेखिने गरी बसेको संस्कृति, रितिरिवाज र शारिरिक वनावटका दृष्टिले दरै, दनुवार र थारुसंग समान भएको उल्लेख गरेका छन् । पहाडमा वस्नेलाई माझी र तराई वा भित्री मधेशमा वस्नेलाई बोटे, कुसहर भनिए पनि यिनीहरु एकै हुन् । घर छोडेर टाढा नजाने वन्यजन्तु र जलजन्तुसंग सामना गर्दै वस्ने यी अर्न्तमुखी स्वभावका जातिहरु नदी र खोला कुरेर डुंगा चलाई, माछा मारी जिविका चलाउने गर्दछन् भनि उल्लेख गरेका छन् । “आँधी र बाढी सधैं योग्य माझीहरुका लागि नै हुन्छन्.” (विष्ट, २०३०) ।

गौतम र मगरले ट्राइवल इथनोग्राफी अफ नेपाल १९९४ ९त्चष्दर्बा भ्तजलयनचबउजथ या ल्भउर्बा ( ज्ञढढद्ध० मा यस माझी जातिको उत्पतिको बारेमा उल्लेख गदै यिनीहरु राम तथा कुशका वंशज भएकोले यिनीहरु (माझीहरु) आफूलाई कुसहर पनि भन्दछन् भनि उल्लेख गरेका छन्। साथै उक्त अध्ययन क्रममा माझीलाई भाषिय दृष्टिकोणबाट माझी भाषा नबोल्ने, माझी भाषा र नेपाली भाषा दुवै बोल्ने र माझी भाषा मात्र बोल्ने गरी तीन भाषामा वर्गिकरण गरेका छन् । शर्मा (नेपाली जनजीवन २०५२) ले यस माझी जातिको सांस्कृतिक परम्पराको सम्बन्धमा छोटो चर्चा गर्दै यिनीहरुको पेशा विभिन्न संस्कारहरु तथा गरगहना र लताकपडा आदिको बारेमा उल्लेख गरेका छन् ।

नेपालमा जनसमुदाय हिन्दु वर्ण व्यवस्था अर्न्तगतको भन्दा बाहेकका विभिन्न जातिहरुको ठूलो समुदाय छ आदिकाल देखि यहाँ वसोवास गर्दै आएका थिए। वभिन्न समुदायहरुलाई आदीवासी “जनजाती” जाती आदि भनि उल्लेख गर्ने गरिएको पाइन्छ । यिनीहरुलाई विभिन्न व्यक्ति र संस्थाहरुले विभिन्न ढंगबाट व्याख्या गर्न गरेको पाईन्छ । मानव समाजको ऐतिहासिक विश्लेषण अनुसार “जाती” ले यस्तो मानव समुदायको ऐतिहासिक संरचनालाई जनाउछ, जो काविल ९त्चष्दभ० समाज भन्दा एक कदम विकसित र राष्ट्र भन्दा एक कदम पछि रहेको साझा

भाषा, साझा भू-भाग साझा अर्थतन्त्र र साझा संस्कृतिमा आधारित हुन्छ (वर वेस्किना, याकोन्लेया र जर्डिन, १९५८) ।

सामुहिक जीवन पद्धति एवं भातृ सतात्मक समाजका केही अवशेषहरु अध्यावधी रहेका र हाल सम्म पनि पिछडिएको अवस्था रहेको समुदायलाई जनजाति भनिन्छ । नेपालको सन्दर्भमा खस (हिन्दु वर्ण व्यवस्था अर्न्तगत) बाहेकका अन्य सबै जातिलाई जनजाति मान्नु पर्दछ (मगर २०५४) ।

जनजातिको विश्लेषण गर्ने क्रममा यसका विशेषताहरुलाई आधार बनाई समानता, सरल, श्रमविभाजन खनिज कृषि राज्यको नियन्त्रण भन्दा बाहिरको स्थिति र आफ्नै धार्मिक विशेषता भएकालाई जनजाति भनिन्छ (गेलनर, १९९१) ।

२००७ सालदेखि अहिलेसम्म नेपालका जति पनि जाति जनजातिको अध्ययन भएका छन्, ती अध्ययनहरु विशेष गरी हिमाली र पहाडी क्षेत्रमा बसोवास गर्ने शेर्पा, मगर, गुरुङ, तामाङ, राई, लिम्बु, नेवार चेपाङ्ग, राउटे आदिमा बढी केन्द्रित भएको देखिन्छ । केही मात्रामा तराई क्षेत्रका थारु, धिमाल जातिको अध्ययन भएको पाइन्छ । नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा छरिएर रहेका अनेकौं जाति जनजातिका बारेमा अहिलेसम्म विस्तृत अध्ययन अनुसन्धान हुन सकेको छैन । यसरी विस्तृत अध्ययन हुन नसकेको एक माझी पनि हो । माझी जातिमा उनीहरुको उत्पत्तिका बारेमा प्रचलित कथालाई उल्लेख गर्दै यिनीहरु रामका सन्तान कुशका वंशज भएकाले माझीहरु आफूलाई कुशहर पनि भन्दछन् भनेर उल्लेख गरेका छन् । यस बाहेक भाषाको दृष्टिबाट यिनीहरुलाई माझी बोल्ने गरी तीन भागमा वर्गीकृत गरेको पाइन्छ (गौतम र मगर, १९९४) ।

शर्मा (२०५२) ले पनि माझी जातिको बारेमा छोटो चर्चा गरेको भेटिन्छ । उनले यस जातिको सांस्कृतिक परम्पराका सम्बन्धमा संक्षिप्त रुपले चर्चा गदै यस जातिको पेशा विभिन्न संस्कारहरु गरगहना, लत्ताकपडा आदिको बारेमा उल्लेख गरेको पाइन्छ ।

विष्ट, (१९६७) ले पहाडमा बस्ने माझी, तराईमा बस्ने बोटे र कुसहर सबैले एउटै भाषा बोल्ने हुँदा यिनीहरु माझी जाति नै हुन् भनेका छन् । लेखकले बोटेका केही सामाजिक प्रचलन र रीतिरिवाजको पनि संक्षिप्त उल्लेख गरेका छन् ।

बस्याल, (१९९१) ले बोटे जातिको बसोबास हुने क्षेत्र, उनीहरुको पेशा, भाषा, खानपिन, धार्मिक प्रचलन आदि बारेमा छोटो परिचय दिएका छन् । उनले बोटेहरुको उद्‌गम स्थान स्याङजा जिल्लाको पश्चिमी क्षेत्र विर्घा हो भनेर जोड दिन्छन् ।

पोखरल, (२०३१) ले बोटेहरु मध्य भित्री मधेशमा बस्छन् र माझीहरुले झैं माछा मार्ने डुंगा खियाउने काम गर्दछन् भनेका छन् । उनले बोटे भाषालाई भारोपेली परिवारको अर्द्धमागधी शाखा अन्तर्गत राखेका छन् र भाषाको माध्ययमबाट बोटे र माझी जाति बीचको भिन्नतालाई देखाएका छन् ।

शर्मा पौड्याल, (२०४२) ले मूलतः पाल्पा जिल्लाका बोटे गाउँहरुमा बोलिने भाषाको बारेमा उल्लेख गरेका छन् । यसको अलावा बोटे जातिका सामाजिक मूल्य, मान्यता र परम्परागत विश्वासहरुको विषयमा पनि सामान्य जानकारी दिने प्रयास गरेका छन् ।

बन्धु (१९९९) ले नवलपरासी जिल्लाको बाघखोरका बोटे जातिको परिचय बोटे भाषाको व्याकरणको रुपरेखा र शव्द सङ्कलन प्रस्तुत गरेका छन् ।

थपलिया (२०४५) ले बोटे जातिको परिचय, शारीरिक बनोट, बसोबास क्षेत्र, सामाजिक अवस्था, आर्थिक अवस्था, सांस्कृतिक, शैक्षिक स्थिति र उनीहरुमा विद्यमान रहेका विचित्र कुराहरुलाई स्पष्ट रुपमा देखाइएका छन् ।

अधिकारी (२०५६) ले नवलपरासी जिल्लाको कोल्हुवा गा.वि.स.का बोटेहरु नारायणी नदीमा माछा मारेर जिविका गर्दछन्, यिनीहरुको शैक्षिक अवस्था शुन्य छ भन्ने उल्लेख गरेका छन् ।

सुव्वा (१९८९) ले तनहुँका बोटेहरुले आफूलाई बोटे हौं भनेर गर्व गर्छन् र माझीसंग पनि हाम्रो केही सम्बन्ध हुन्छ भन्ने कुरामा सहमत हुन्छन् भनी उनीहरुको बासस्थान देखि मृत्यु संस्कार सम्मका सम्पूर्ण कुरालाई उनले प्रस्तुत गरेका छन् ।

आचार्य (१९८६) ले माझी जाति वास्तवमा तराई र भित्री मधेशमा बसोबास गर्छन भनेर उनीहरुको बासस्थान बारेमा थप जोड दिएका छन् ।

सुव्वा (१९८९) ले बोटेहरु धेरै कारणले न त माझीहरु हुन् न त थारुहरु नै, उनीहरु धेरै कारणले यिनीहरुसंग फरक छन् । उनीहरुको आफ्नै भाषा संस्कृति, शारीरिक विशेषता र जीवनको बाटो बारेमा बिचार गर्दा बोटेहरुको छुट्टै र आफ्नै स्वतन्त्र स्थान छ भनेर बोटेलाई छुट्टै जातिको रुपमा देखाएका छन् ।

विष्ट (२०३५) ले बोटेहरु (माझी) सधै माछा मार्न डुंगा चलाउन कृषि गर्न र भरिया हुन मै व्यस्त हुन्छन् भनेर उनीहरुको पेशा बारेमा बताएका छन् र माझी अन्तर्गत नै बोटेलाई राखेका छन् ।

गौतम र थापामगर. (१९९४) ले नेपालमा रहेका बोटे जातिको बारेमा महत्वपूर्ण सूचना देखाएका छन् ।

तिमिल्सिना (१९८७), माझी जाति बारेमा र प्रेमनिधी के.सी.(१९९५) ले कुमाल जातिको पेशा अवस्थाको बारेमा अध्ययन गरेका छन् ।

पन्त (१९९७) ले नवलपरासी जिल्लाको आदर्श गा.वि.स. गैडाकोटमा बसोबास गर्ने बोटेहरुको आर्थिक र सामाजिक जीवन बारेमा मुख्य रुपमा प्रकाश पारेका छन् ।

शर्मा (१९९७) ले तनहुँ जिल्लाको व्यास नगर पालिकाको वडा नं. ५ कुमालटारीमा बसोबास गर्ने बोटेहरुको सामाजिक र आर्थिक अवस्था बारेमा देखाउने क्रममा उनीहरुको आर्थिक अवस्थालाई कमजोर छ भनेर देखाएका छन् ।

दाहाल (२०५८) ले चितवन र तनहुँका बोटेहरुको उद्‌गम स्थल, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था आदिका बारेमा राम्ररी प्रष्टाएका छन् ।

शर्मा (२०३९) ले बोटेलाई थारु जाति भित्र समेटेका छन् । उनले बोटे र माझी थरको थारु हिन्दू जस्तो देखिए पनि ब्राम्हण धर्म मान्दैन र भूत प्रेतमा आस्था राख्छन् । त्यसबाहेक पुरोहितको साटो सबै कामकाज पनि भानिजबाट नै चलाउँछ भनेर व्याख्या गरेका छन् । उनीहरुको बासस्थान सम्बन्धी ठोकुला गरेर बताउन गाह्रो छ । तिनीहरुले आफ्नो बसाई सराई सम्बन्धी लिखित सूचना राखेका छैनन्, मौलिक भनाइ पनि भुल्दै गएका छन् । उनीहरु राज्यको

विभिन्न जिल्लामा छरिएर रहेका छन्, त्यसैले उनीहरुको जन्मस्थान (उत्पत्ति) बारेमा बताउन गाह्रो छ ।

अनुहार तथा बनोटमा नजिकै देखापर्ने थारुहरु पनि ठूलो बथान हुनाले बढी चर्चामा आएका छन् । तर हामी दनुवार, माझी अझै खास गरी दरैको बारेमा त नेपालका अधिकांश मानिसले सुनेका पनि हुँदैनन् । दनुवार, माझी र दरै अलि कालो बर्णको र शरिरको बनौटमा दुव्ला पातला देखिएता पनि बलिया र दह्रिला हुन्छन् । पहाडमा माझी भनिने जातिलाई तराई वा भित्री मधेशमा बोटे र चितौनमा कुशहर भन्ने पनि चलन छ । यी जातिहरुलाई नेपालको यी भू-भागमा आदिकाल देखि बसि आएका सबै भन्दा पुराना बासिन्दा मध्येका मान्न करलाग्छ (विष्ट ( २०३५) ।

कुशको वंशबाट उत्पत्ति भएका माझीहरुलाई ***कुशेर*** माझी भनिन्छ भने लभको सन्तानलाई बोटे माझी भनिन्छ । यी जातिहरु लभलाई बोटको रुपमा लिने गर्दछन् तसर्थ मूल बोट लभबाट उत्पत्ति भएकालाई ॄबोटेॄ माझी भनिन्छ (शाह, २०५४) ।

केही स्नातकोतर उपाधीका लागि तयार गरिएका शोधपत्रहरु बाहेक माझी जातिको मात्र विस्तृत अध्ययन गरिएको कुनै अध्ययन पाइदैन । यस जातिको सामाजिक आर्थिक, व्यवहार, जनसांख्यिक, अवस्था, सांस्कृतिक र धार्मिक इतिहासका बारेमा र हाल अन्य समुदायहरुसंगका संसर्ग वा सामिप्यताबाट सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा आएका परिर्वतनहरुका बारेमा अध्ययन गर्ने उद्देश्यले यो अध्ययन गर्न जमर्को गरिएको छ ।

# अध्याय तीन
# अध्ययन पद्धति

## ३.१.अध्ययनको ढाँचा

यो अध्ययन मुलत वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस अनुसन्धानमा सिन्धुली जिल्लाको टाँडी गा.वि.स.मा बसोबास गर्ने माझी जातिको सामाजिक, आर्थिक पक्षको वर्णन गरीएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौटको औचित्य

यस अध्ययनमा सिन्धुली जिल्लामा अवस्थित माझीजातिका मानिसहरु बसोवास गर्ने टाँडी गाउँ विकास समितिलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । नेपालका विभिन्न स्थानमा माझी जातिको वसोवास रहेको छ । मुख्य गरी पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका पहाड र तराईका विभिन्न जिल्लाहरुमा यस जातिको वसोवास छ । सिन्धुली जिल्लाका कमला र तावा नदीको किनारका गाउँहरुमा यिनीहरुको वसोवास रहेको पाईन्छ । यी गाउँहरु मध्ये माझी जातिका बढी मानिसहरु वसोवास गर्ने टाँडी गाउँ विकास समितिलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ ।

यस जिल्लाको टाँडी गा.वि.स. का कुलघर धुरी संख्या १५६८ रहेको र जनसंख्या ४४८० महिला र पुरुष ४४२७ गरी जम्मा ८९०७ रहेको छ । यस गा.वि.स. का नौं वडाहरु मध्ये वडा नं. ५ मा माझी जातिको अधिक बसोवास रहेको छ । जसको घर संख्या २३५ जनसंख्या महिला र पुरुष ६९५ र ६८४ गरी १३७९ (जिल्ला पार्श्व चित्र सिन्धुली २०६७) नै यस अध्ययनको अध्ययन क्षेत्र हुने छ ।

यस अनुसन्धानको औचित्य निम्न लिखित छन् ।

१) यस क्षेत्रमा माझी जातिको बाहुल्यता भएको कारणले अध्ययनमा सरलता देखिन सक्ने ।

२) यस क्षेत्रका माझीहरु आफ्नो परम्परागत मौलिक संस्कृतिमा नै रहि रहेका हुनाले उनिहरुको मौलिकपना बुझ्न सकिने ।

३) अध्ययनकर्ताको घर नजिकको वडा र यस विषयमा अनुसन्धानकर्ताको रुची बढी भएकोले माझी जातिको बारेमा अध्ययन गर्दा अरु अनुसन्धानकर्ताले गरेको अनुसन्धान भन्दा यस अनुसन्धानको विश्वसनियता बढी हुन्छ ।

## ३.३. समग्रता र नमूना छनौट

यस टाँडी गा.वि.स. मा रहेको जम्मा ९ वडाहरुमध्ये उद्धेश्यमूलक ढंगले वडा नं. ५ छनौट गरिएको छ । यस वडामा भएका जम्मा ४४५ माझीहरुको घरधुरीलाई यस अध्ययनको समग्रताको रुपमा लिई ४४५ मध्ये च्वलमक क्कउष्लिन द्वारा ४२ माझीहरुको घर धुरी छनौट गरिएको छ ।

## ३.४ तथ्यांकको स्रोत र प्रकृतिः

अध्ययनको उद्देश्यहरुलाई पुरा गर्नको लागि दुई प्रकारका तथ्याङ्कहरु प्रयोग गरिएको छ । जसमा गुणात्मक र संख्यात्मक दुवै प्रकृतिक तथ्याङ्कहरुलाई यस अध्ययनमा समावेश गरिएको छ भने आवश्यक तथ्याङ्कहरु प्राथमिक र द्वितिय श्रोतबाट एकत्रीत गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

क्षेत्र अध्ययन अन्तर्गत पनि घट्नाको अधिक निकट भई तथ्यांक संकलन गर्न सहभागी अवलोकनको प्रकृया र केही तथ्यांकहरु सकृय सहभागि नभई तटस्थ रुपमा संकलन गरिएको छ । यस्तै विभिन्न व्यक्तिहरुबाट विभिन्न जानकारी लिनका लागि प्रत्यक्ष विधि अन्तर्गत साक्षात्कार र अनुसूची प्रस्नावली विधि अपनाइयो । संकलित तथ्यांकहरु परिमाणात्मक र गुणात्मक दुवै किसिमका छन् । जति पनि परिमाणात्मक प्रकृतिका तथ्यांकहरु छन् सवै स्थानमा स्थलगत घरधुरी सर्वेक्षणबाट प्रश्नावली मार्फत लिईएका हुन । अन्य गुणात्मक प्रकृतिका तथ्यांकहरु मुख्य सुचनादाता र सुचनादाताहरुको सामुहिक छलफलबाट पनि लिइएका छन् ।

### ३.४.२ द्वितिय श्रोत

द्वितिय श्रोत अन्तर्गत मूलतः केन्द्रिय तथ्यांक विभागबाट प्राप्त सर्न्दभ सामग्री, सिन्धुली जिल्ला विकास समितिका प्रकाशनहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचनाहरु, ख्याति प्राप्त विद्वान वर्गहरुबाट प्रकाशित पुस्तकहरु र नेपाल सरकारले समय समयमा प्रकाशित गरेका यस सम्बन्धी पुस्तकहरु पर्दछन् । प्राथमिक श्रोतबाट संकलन गरि सामाग्री संकलनलाई द्वितिय श्रोतसंग सामन्जस्य गरी क्रमबद्ध रुपले प्रस्तुत गरिएको छ ।

## ३.५ तथ्यांक संकलन प्रविधि

तथ्यांक संकलनको क्रममा सम्बन्धित विषयको पहिले देखि नै तयार गरिएको प्रश्नावली अनुसूची प्रयोग गरिएको छ । प्रश्नावलीको आधारमा जे जस्ता उत्तरहरु प्राप्त भए, यस प्राथमिक तथ्यांकहरुको रुपमा प्रयोग गरिएको छ। यिनै प्रश्नावलीहरुलाई शोधपत्रको लागि आधार मानी तथ्यांक प्रस्तुतीकरण गरिएको छ । यो अध्ययन मुख्यतः वर्णनात्मक भए पनि विश्लेषणात्मक प्रकृया पनि यसमा अपनाईएको छ । साम्रग्री तथा तथ्यांक संकलन कार्यको लागि अपनाएको विधिहरु निम्नानुसार छन्।

### ३.५.१ अवलोकन

निरिक्षण प्राथमिक तथ्यांक संकलनको प्रमुख श्रोत हो । शोधकर्तालाई माझी समुदायको पहिलेदेखि नजिकबाट अवलोकन गर्ने अवसर प्राप्त भएको हुँदा तथ्यांक संकलनमा सघाउ पुगेको छ । अनुसन्धानकर्ताले माझी समुदाय र समुदायका विभिन्न गतिविधि माथि सामान्य अवलोकन गरियो । माझी जातिको सामाजिक, जनजीवन, जनसंख्या, परिवार, विवाह आर्थिक अवस्था, शैक्षिक एवं जनस्वास्थ्य गतिविधि, परिवार संरचना आदिबारे सामान्य अवलोकनबाट अवगत हुन आयो ।

### ३.५.२ प्रश्नावली अनुसूची

अनुसन्धान क्षेत्रका ४२ घरधुरीबाट छनौट गरिएका उत्तरदाताहरुसंग प्रश्नावली अनुसूची भर्न लगाईएको थियो । त्यस्तो प्रश्नावलीबाट माझी समुदायको पारिवारिक बनौट आर्थिक अवस्था, शैक्षिक स्थिति, पेशा व्यवसाय सम्बन्धी जानकारी संकलन गरिएको थियो। यस्तो प्रश्नावली पहिलेदेखि नै आवश्यकता अनुसार र उद्देश्य अनुसार तयार गरिएको थियो ।

### ३.५.३ मुख्य सुचना दातासँग अन्तर्वार्ता

अनुसन्धानका क्रममा प्रमुख जानकार व्यक्ति भन्नाले सम्वन्धित अध्ययन क्षेत्रका अगुवा व्यक्तिहरुलाई जनाउछ । जस्तै समुदायका मुखिया, शिक्षक, बुढापाका, समाजसेवी, धार्मिक गुरु, नेता, सचेत र अग्रसर व्यक्ति आदि यस अर्न्तगत पर्दछन् । अनुसन्धानका क्रममा हुने सहयोग र कठिनाईहरुबाट पार पाउनका लागि यो वर्गले निक्कै ठूलो सहयोग पुऱ्याउँछ ।

अध्ययनका क्रममा आवश्यक तथ्याङ्क एवं जानकारी प्राप्त गर्नका लागि सिन्धुली जिल्ला टाँडी गा.वि.स.का सचिव लगायत माझि जातिका बुढापाका, शिक्षक, समाजसेवीसँग अर्न्तवार्ता लिइयो । अन्तर्वार्ताका कममा माझी जातिको बारेमा आवश्यक प्रश्न सोधी संकलन गरिएको थियो ।

## ३.६ तथ्यांक प्रसोधन एवं विश्लेषण

यस अध्ययनको क्रममा उपलब्ध विभिन्न विधिबाट संकलित तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । यस शोध अनुसन्धानको क्रममा उपलब्ध भएका विषयवस्तुसँग सम्बद्ध पुस्तक, पत्रपत्रिकाको अलावा अध्ययन स्थलबाट प्राप्त तथ्याङ्कहरूको उचित रुपमा सङ्कलन, सम्पादन, तालिकीकरणद्धारा उचित महत्वका साथ तथ्याङ्कलाई संख्यात्मक प्रतिशतमा प्रसोधन गरी विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

हरेक अध्ययन अनुसन्धानको आफ्नै सीमाहरु हुने भएकाले यही सीमाभित्र रहेर यसलाई सीमाबद्ध गर्नु पर्ने आवश्यकता रहन्छ । अनुसन्धान कार्य भनेको कुनै निश्चित अवधिमा निश्चित ठाउँमा र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुनाले यसबाट प्राप्त परिणाम र ब्याख्या पनि तत्

अवस्थामा मात्र सामान्यीकरण हुनसक्दछ । साथै अध्ययन पद्धति अनुसार बनाइएको योजना जस्तो प्रकारको हुन्छ त्यसको कार्य सम्पादन र प्राप्त हुने परिणामहरु सोही अनुरुप हुन्छन् । यसैले यस अध्ययनको पनि निश्चित सिमाभित्र मात्र यसको परिणाम र निस्कर्षहरु मान्य हुन्छन् । यसर्थ यस अध्ययनका निम्न लिखित सिमाहरु रहेका छन्।

१. यो अध्ययन सिन्धुली जिल्लास्थित  टाँडी गा.वि.स. मा केन्द्रीत रहेको छ भने उत्तरदाताहरु माझी रहेका छन् । त्यसैले यस अध्ययनले टाँडी गा.वि.स. मा रहेका अरु जातीहरुको अध्ययनलाई समेटेको छैन ।

२. नमूनाको आधार सानो भएकोले यस नमूनाबाट निकालीएको निष्कर्षले अन्य स्थानका माझीहरुको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

३. अध्ययनको लागि आवश्यक पर्ने श्रोत र साधनहरु सीमित भएकोले यसको निश्चित सीमाहरु पनि रहेका छन् जसले गर्दा यो अध्ययन एक सीमित क्षेत्रमा, र सीमित साधनको माध्यमबाट गरिएको सुक्ष्म अध्ययन हो ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षैत्र टाँडी गा.वि.स. को परिचय

### (क) भौगोलीक अवस्था

टाँडी गाविस सिन्धुली जिल्लामा रहेका ५३ गा.वि.स. मध्येको एक हो । यो गा.वि.स. सदरमुकाम सिन्धुलि माडीबाट २७ कि.मि पुर्वमा रहेको छ । भौगोलिक सीमानाको रुपमा यस गा.वि.स. लाई हेर्दा उत्तर र पुर्व तर्फ क्रमशः दुधौली र अरुणठाकुर गा.वि.स. र उदयपुर जिल्लाको त्रिवेणी गा.वि.स. पर्दछ भने पश्चिम तर्फ हर्षाही साथै सिर्थौली र दक्षिणमा उदयपुरको त्रिवेणी गा.वि.स. एवं धनुषाको लवटोली गा.वि.स. पर्दछ ।

### (ख) जनसंख्या

यस गा.वि.स.मा प्राय : मुख्य रुपमा बाहुन क्षेत्री, मगर, दनुवार, थारु, तामाङ, राई, गुरुङ, सार्की, नेवार, माझी, दमाई, कामी जातीहरुको बसोबास रहेको पाइन्छ । उत्पादनको दृष्टिकोणले यस गा.वि.स.मा धान मकै, गहुँ, गोलभेडा, तोरी आदीको उत्पादन भएको पाइन्छ । शिक्षाको दृष्टिकोणले मध्यम देखिएको यस गा.वि.स.मा उच्च माध्यामिक विद्यालय १, माध्यामिक विद्यालय १, निम्न माध्यमिक विद्यालय १ र प्राथमिक विद्यालय ४ रहेको छ ।

तालिका नं. १

टाँडी गाविस वडा नं. ५ जातिगत आधारमा जनसंख्याको विवरण

| जातिगत विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| माझी | टद्धट | द्धट।डछ |
| क्षेत्री | द्दद्धछ | ज्ञठ।ठठ |
| बाहुन | ज्ञडछ | ज्ञघ।द्धद्द |
| दनुवार | ज्ञण्ठ | ठ।ठट |
| कामी | ठट | छ।छज्ञ |
| मगर | टट | द्ध।ठढ |
| तामाङ्ग | छद्ध | घ।ढद्द |
| जम्मा | १३७९ | ज्ञण्ण।ण्ण |

स्रोतः स्थलगत सर्वेक्षण २०६८ ।

सिन्धुली जिल्ला अर्न्तगतको यस टाँडी गा.वि.स. आन्तर्गत वडा नं. ५ लाई जातिगत  आधारमा जनसख्यालाई हेर्ने हो भने त्यहाँ रहेका जातिहरुमा सबैभन्दा बढी माझी जातिको जनसंख्या ६४६ रहेको छ भने त्यसै गरी क्षेत्रीको जनसख्या २४५, बाहुन २८५ र सबै भन्दा कम तामाङ्ग जातिको जनसंख्या रहेको देखिन्छ ।

# अध्याय पा“च

# माझि जातिको सामाजिक तथा आर्थिक अवस्था

## ५.१ माझी जातिको उत्पति

माझी जातिको नामकरणका बारेमा कसैले पनि ठोसरुपमा उल्लेख गरेका छैनन् । केही विद्वानहरुले माझीलाई तराई र भित्री मधेशमा “बोटे” पनि भनिन्छ भनेर उल्लेख गरेको पाईन्छ । माझीहरु आफूलाई सीताका सन्तान कुश वा कुशहरीका वंशज मान्दछन् । नेपाली वृहत शब्दकोष (२०४०) मा माझीलाई पुर्ख्यौली देखि डुङ्गा खियाएर तथा माछा मारेर जिविकोपार्जन गर्ने एक जाति भनेर उल्लेख गरिएको छ । यिनीहरुको प्रमुख पेशा माछा मार्नु भएकोले यिनीहरुको जातिय नामाकरण र पेशाका बीचमा सम्बन्ध रहेको हुन सक्दछ ।

माझीहरुको उत्पतिको सम्बन्धमा कुनै पनि शोधकर्ता, विद्वान इतिहासविद समाजशास्त्री तथा मानवशास्त्री एकमत देखिदैनन् । यो विश्वास गरिन्छ कि प्रारम्भमा माझीहरुको मातृभूमि सिम्रौनगढमा थियो र पछि विभिन्न स्थानमा इश्वीको १४ औं शताब्दीतिर छरिदै र वसाई सर्दै विभिन्न स्थानमा पुगे । माझी, दनुवार र थारु समुदायहरु नजिक मानिन्छन् । तिनिहरु भारतको सिन्ध प्रदेशबाट नेपाल प्रवेश गरेका छन् (शर्मा, २०५८) ।

माझीहरुको मुल थलो भारतको मध्य प्रदेश थियो । यस्तै कमलदीप ढकालको विश्लेषणमा माझीहरु पूर्वकालमा आर्य र अनार्य बीचको झगडाबाट तर्सेर जंगलमा पसेका हुन भन्नु भएको छ । १४ औ शताब्दीमा भारतको सिम्रौनगढबाट आएकालाई पनि उल्लेख गर्दै सिन्धुली कमलाखोलाका माझी वासिन्दा नेपालकै पुराना वासिन्दामा पर्दछन् भन्ने ठोकुवा गर्नु भएको छ । माझीहरु नदी किनार छेउ वस्नुको किम्बदन्ती अनुसार परापूर्वकालमा उनीहरु शत्रुको ठूलो आक्रमणबाट बच्न भाग्दै जांदा मध्य पहाडी प्रदेश प्रवेश गरी नदीपार गरे । शत्रुहरुले लखेटदै आएका थिए, तर शत्रु नदी तर्न नसकी फर्केकाले त्यही नदीको छेउमा सुरक्षित महसुस गरी उनीहरुले आफ्नो बसाई बसाले । माझी समाजमा प्रचलित दन्त्यकथा अनुसार राजपुत राजस्थान, मेवाड आदि क्षेत्रको पतन पछि उनीहरु मुसलमानी आक्रमणबाट बच्न सुरक्षित ठाउँको खोजीमा

हिड्दै जंगली क्षेत्रमा आइपुगेका र शत्रुले त्यहाँ लखेटेकोले कुनै वेला पानीमा अल्प भएका मानिन्छ (पोखरेल, २०२६) ।

आफ्नो जातिको उत्पतिको कथाको चर्चा गर्दा माझीसंग सांस्कृतिक सामीप्यता राख्ने दनुवारहरु थारु र राजपुत जातिको उत्पतिको कथासित जोर्ने गर्दछन् । यस प्रसंगमा प्रा. डोर ब. विष्ट भन्नु हुन्छ, कोही कोही माझी आफू पनि राजपुतका सन्तान हौ भन्ने कथा दोहोऱ्याएको पनि सुनिन्छ । यस अतिरिक्त कर्णाट वंशीय शासकसंग पनि उत्पति कथा जोड्ने गरिन्छ, जस अनुसार दक्षिण नेपालको ११-१२ औं शाताब्दीतिर सिम्रौनगढमा स्थापित कर्णाटकहरुको राज्य सिम्रौनगढकी राजकुमारी र एक मायावी राक्षसको गोप्य सम्बन्धबाट जन्मेको पांच छोरा (नेवार, दनुवार, किराँत, लिम्बु र सुनुवार) मध्ये दनुवारबाट माझी जन्मियो र ठूलो भएपछि माझीले खोला नजिकको किनारमा आफ्नो वस्ती वसालेको पाईन्छ । त्यस्तै माझीको प्राचिन फैलावटवारे भन्नुपर्दा १४ औं शताब्दीको प्रारम्भतिर नै कर्णाट बंशी राजा हरिसिंह देवको सिम्रौनगढ राज्य पतन भयो । राज परिवार, कर्मचारी, रक्षक, सैन्य तथा अन्य अनुयायीहरुका साथमा सिम्रौनगढबाट सुरक्षाको लागि नेपालको पहाडी क्षेत्रतिर पसे र तामाकोशी नदी किनार क्षेत्रमा पनि त्यो समूह वस्यो । हरिसिंह देव सिन्धुलीबाट उँभो लाग्दै जाँदा नजिकैको तीनपाटनमा उनको मृत्यु भयो । उनका परिवार दोलखा हुँदै उपत्यकाको भक्तपुर पुगे र केही कालपछि उनीहरुले त्यहाँको वागडोर नै आफ्नो हातमा लिन सफल भए । हरिसिंह देवका साथमा अरु जनसमूह पनि मुसलमानी आक्रमणबाट बच्न जंगली क्षेत्रतिर लागेका अनुमान गरिन्छ । पछिका वर्षहरुमा पनि यो क्रमजारी रहेको प्रतित हुन्छ । माझीहरुको उत्पतिको कथा सिम्रौनगढतिर जोडिनु एक संयोग मात्र नभएर ऐतिहासिक तथ्य पनि हुन सक्छ । अहिलेसम्म पनि माझीहरु अन्य जातिसंग भिड्न डराउने आफ्नो सांस्कृतिक सम्बन्ध मिथिला संस्कृतिसंग देखाउने र हमलाबाट शत्रुले आफूलाई लेखेट्दै जंगल खोला क्षेत्रसम्म ल्याएको कथाको विश्लेषण गर्दा परापूर्वकालमा कुनै ठूलो शत्रुले सिम्रौनगढ क्षेत्रबाट लखेट्दै यिनीहरुलाई नदी किनार र खोचमा छाडीदिएको हुनुपर्दछ (पोखरेल, २०२६) ।

इस्वीको १४ औं शताब्दीमा सिम्रौनगढ भनिने कर्णाटकवंशीय नान्यदेवद्वारा स्थापित राज्यमा उनको छैठौ पुस्ताका राजा भुपाल सिंहले राज्य गदर्थे । राजा भुपाल सिंह प्रारम्भमा

नेपालेश्वर राज्यको अधिनमा थिए  केही समयपछि कुलमन्त्री चन्देश्वर ठाकुरको सहयोगले स्वतन्त्रता प्राप्त गरे । स्वतन्त्रता पाएको लगतै मुस्लीम राजा गयासुद्दिन तुगलकको सु-सज्जित आक्रमण समक्ष राजा भुपाल सिंहको पराजय भयो । जसले गर्दा उनी आफ्नो धनसम्पति र अन्य आवश्यक समानहरु लिई वाग्मती किनारै किनार उत्तरतर्फ लागे भुपाल सिंहले फेरी अर्को पटक छुट्टै राज्य स्थापना गरे र त्यसको अस्तित्व पनि नेपालेश्वरकै अधिनस्थ थियो । यस पटक राजा भुपाल सिंहले कुलमन्त्री चन्द्रेश्वर ठाकुरको सट्टा अर्को मन्त्रीलाई उक्त पदमा नियुक्त गरे, चन्देश्वर ठाकुर भने दु:खित मन लिएर समाजभन्दा पर एकान्तमा गई वसे । नयाँ मन्त्रीले चांही राजाको हत्या गरी सम्पूर्ण धनमाल फाली दिए । रानी आफ्ना छोरा हरिदेवलाई लिएर चन्द्रेश्वर समक्ष गइन र उनले रानी समक्ष हरिदेवलाई गद्दीमा राख्न बचन वद्ध गराए । यसपछि उनले सिन्धुलीगढीको सैनिक किल्ला, पार गरी दोलखा राज्यमा आक्रमण गरे । विजय पश्चात उनले हरिदेवलाई गद्दीमा राखे र वनेपासम्म सीमा विस्तार गरे । सो कुरा इतिहासमा पनि स्पष्ट लेखिएको छ (गौतम, राजेश र मगर थापा, अशोक कुमार, १९९४) ।

माझी समाजमा प्रचलित किम्बदन्तीहरु पनि ऐतिहासिक घटनाहरुसंग मिलेको पाईन्छ । सो अनुसार माझीहरु ठाकुरवंशका थिए भन्ने विश्वास गर्दछन् । माझीहरुसंग ठाकुर राजाको नाम सोध्दा बताउन सक्दैन तर उनीहरुको दावी यो छ कि ठाकुरहरु देवी देवताका सन्तान थिए जसलाई ठाकुर र ठकुराईन भनिन्छ । तसर्थ उनीहरुको राजा देवहरुको सन्तान भएकाले ठाकुर भनियो । यसरी कर्णाटका राजाका नातागोता र ती राजाप्रति प्रतिवद्ध मानिसहरु माझी कहलिएको कुरा थाहा हुन्छ (शर्मा,२०५८) ।

यसैगरी कसैले मुसलमान आक्रमणपछि आ-आफ्नो सुरक्षाको खातिर राजपूत रमणीहरुले आफ्नो पतिलाई छोडेर चितवनको भावर प्रदेश आफ्नो पतिको प्रतिक्षामा वस्दा वस्दै नआएपछि ती रमणीहरुले त्यहीका वासीहरुसंग विवाह गरे र त्यहीबाट आफू उत्पत्ति भएको कुरा माझीहरु मान्दछन् । माझीहरुको केन्द्रविन्दू चितवनलाई ठानिएकोले पनि यो सही होला भनि अडकल गर्न सकिन्छ । माझी जाति नेपालमा बसोबास गरेको २००० वर्ष भइसकेको छ (पोखरेल, २०२६)।

नेपालका विभिन्न जाति र लोकगीत एक परिचय नामक पुस्तकमा त्यसमा अझ थप्दै भारतमा मुसलमानहरुले आक्रमण गरेपछि शरणका लागि नेपालको जंगलमा पसेका भन्ने कुराको

उल्लेख पाईन्छ । माझी दनुवार जातिलाई थारु समुदायको एक समूह मानी थारुको चर्चा गरिएको छ । थारुहरु भारतको सिन्ध प्रदेशको थार भन्ने ठाउँबाट आएका हुन । माझी दनुवारका पुर्खा थारु हुन र यो जाति सिन्ध प्रान्तको भागबाट आएको ठहर्छ । माझी दनुवारहरुको उदगम स्थल सुनुवार र नेवार वस्ने पहाड क्षेत्रमा गई पछि विस्तारै भित्री मधेश हुदै तराई झरेका हुन् । माझी भाषालाई भारोपेली परिवारको मागधी शाखाको भाषाबाट आएकोले पनि यसबाट माझीका पुर्खा भारतको मगध प्रदेशबाट आएका हुन भन्न सकिन्छ । यो जातिको उत्पत्ति र आगमन सम्बन्धमा विद्वानहरु बीच मत एकता नपाइएता पनि समष्टि विश्लेषणका आधारमा यिनीहरु आर्यहरु जस्तै दक्षिण भाग अर्थात् भारततर्फबाट नै आएको देखिन्छ । समग्रमा हेर्दा तावा, कमला, तामाकोशी र लिखु नदीको छेउछाउ तराई कछारदेखि भित्री मधेश हुदै पहाडी प्रदेशमा फैलिएको यो जातिको इतिहास ती नदी किनार खोज दून र उपत्यकामा हजारौं वर्ष लामो रहेको अनुमान गर्न सकिन्छ । तर ठोस वस्तुस्थिति विना नै कुनै निष्कर्षमा पुग्न खोज्नु उचित मान्न सकिन्न ।

यो समुदायको नाम माझी कसरी रहन गयो भन्ने प्रसंगमा सामान्य बोलचालको भाषामा यिनिहरु आदिकाल देखि नै खोलामा माछा मार्दै हिड्ने गदर्थे, त्यहि कारण माछा मार्ने कार्यबाट माझी रहन गएको भन्ने भनाई अगाडी आएको पाईन्छ भने अन्य अवधारणाहरुमा प्रमुख दुई धार रहेको छ । यिनीहरुको आदिकाल देखिनै मध्यभागमा बसोबास गर्दै आएको हुनाले यही मध्यभाग भन्ने शब्द कालान्तरमा अपभ्रंस भई माझी भएको कुरामा धेरै विद्वानहरुको मत एकता देखिन्छ ।

गाउँका बुढा पुराना माझीहरु आफ्नो समुदायको नाम माझी रहनुमा अर्को धारणा बारे बताउदै भन्दछनः, परापूर्व कालमा एउटा गरिव निःसन्तान परिवार थियो । उनीहरुले पुत्रको जन्मको लागि भनि भगवानसंग प्रार्थना गरे, फलस्वरुप उनीहरुलाई तिन पुत्र लाभ भयो । उनीहरुसंग गरीबी अबस्थाका कारण खानेकुरा र भाडाकुडाहरु पर्याप्त थिएनन् । आमा बाबुले चाही खाने कुरा दिदा जेठोलाई थालमा, माहिलालाई कचौरामा र अर्कालाई दुनामा दिए । उनीहरु हुर्कदै गएपछि थाल पाउनको लागि एक आपसमा झगडा गर्न थाले । उनीहरुको झगडा साम्य पार्न बाबु आमाले तिनै छोरालाई तीन भिन्न दिशातिर पठाई दिए र त्यसपछि थालमा खाने गएका तिरका सन्तानलाई थारु र कचौरामा खाने तिर गएका सन्तानलाई माझी र दुनामा खानेतिर

गएका सन्तानलाई दनुवार भनियो (गुरुङ, ०४८) । यसरी खानेकुराको भाडाका आधारमा पनि माझी समुदायको नामाकरण भएको विश्वास गरिन्छ ।

माझी समुदायको गोत्रको सम्बन्धमा त्यति चर्चा र विभिन्नता कतै पाइदैन । अध्ययन भ्रमणको क्रममा उनीहरु काश्यप गोत्र भएको बताए । गोत्रभित्र पनि उपगोत्र र थरहरुको विभाजनकले विवाह आदिमा रक्त सम्बन्ध जोडन सहयोग नै पुऱ्याएको पाईन्छ । अन्य जातिहरुमा जस्तै माझीहरुको काशकुशहर, दुध कुशहर, सुर्यवंशी, राजवंशी, कुमाल, मलाह, वताली, दप्काली जस्ता थरहरु छन् ।

## ५.२ माझी जातिको सामाजिक अवस्था

आफ्ना सामाजिक संस्कार र संस्कृतिलाई जीवन्त बनाई राख्नु माझीहरु आफ्नो जीवनको विशेषता ठान्दछन् । संख्याको आधारमा गाविसमा पर्वते ब्राह्मण र क्षेत्रीपछिको स्थानमा रहेका यी जातिको सामाजिक जीवन पनि आफ्नै किसिमको छ । लवाई खुवाई उठवस देखिका सामाजिक चालचलन, व्यवहार संस्कार आदि पनि आफ्नै मौलिक विशेषता बोकेका छन् । अन्य जातिसंगको सर्म्पकमा त्यति आउन नचाहने यी जाति साह्रै सोझा र इमान्दार मानिन्छन्। माझीहरुका कतिपय कृयाकलापहरुलाई हेर्दा अतित तर्फ फर्केको आभाष मिल्दछ जसले हामीलाई ढुंगे युगको संझना गराउछ । त्यसैले यो जातिको भेषभूषा संस्कार, संस्कृति सबै आफ्नै प्रकारका छन् ।

तालिका नं. २

लिङ्ग र जनसंख्या विवरण

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १६७ | ४७.७१ |
| महिला | १८३ | ५२.२९ |
| जम्मा | ३५० | १००.०० |

*श्रोत:* जिल्ला विकास समिति २०६७ ।

तालिका नं. ३

उमेर र जनसंख्या विवरण

| उमेर (वर्षमा) | जम्मा | प्रतिशत |
|---|---|---|
| ०-९ | घद्द | ढाज्ञद्ध |
| १०-१९ | डघ | द्दघाठज्ञ |
| २०-२९ | ज्ञद्दण | घद्धाद्दढ |
| ३०-३९ | छछ | ज्ञछाठज्ञ |
| ४०-४९ | द्दड | डाण्ण |
| ५०-५९ | द्दण | छाठज्ञ |
| ६० भन्दा माथि | ज्ञद्द | घाद्धघ |
| जम्मा | घछण | ज्ञण्णाण्ण |

*श्रोत:* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार ९ वर्ष भन्दा कम, १० देखि १९ वर्ष, २० देखि २९ वर्ष, ३० वर्ष देखि ३९ वर्ष, ४० देखि ४९, ५० देखि ५९ र ६० वर्ष भन्दा माथी गरी जनसंख्यालाई ७ वर्गमा वर्गिकरण गरी प्रस्तुत गरीएको छ । र यसको संख्या क्रमश: ३२, ८३, १२०, ५५, २८, २० र १२ रहेको देखिन्छ । उपरोक्त तालिकालाई अध्ययन गर्दा २० देखि २९ उमेर समुहका माझिहरुको जनसंख्या अधिक रहेको पाइयो भने ६० भन्दा माथिका माझिको जनसंख्या निकै कम रहेको पाइयो ।

## ५.३ परिवार

माझी जातिको परिवार संयुक्त परिवार अन्तर्गत पर्दछ । यिनीहरुमा छोरा, छोरी, बाबुआमा तथा हजुरवा, हजुर आमा एउटै घरमा संगैरहने गर्दछन । परिवारको आवश्यकता पूर्तिको लागि सबैले मिलेर कार्यहरु गर्दछन् । सबैको भरणपोषण परिवार बाटै हुने गर्दछ । प्रत्येक व्यक्तिको जन्म

लालनपालन परिवारबाट नै हुने हुनाले परिवार नै यस्तो स्थान हो, जहाँबाट व्यक्तिले आफ्ना व्यवहारका स्वरुपलाई निर्धारण गर्न सिकेको हुन्छ। परिवारको संरचना परिवारका पुरुषहरु, विवाह नगरेका महिलाहरु र विवाह गरेर ल्याइएका महिलाहरु मिलेर बनेको हुन्छ । छोरीलाई विवाह पश्चात लोग्नेको घरमा पठाइन्छ। यस जातिमा छोरा बुहारी, छोरी ज्वाई, आमा-बाबु, दाजु-भाई, दिदी बहिनीमा राम्रो सम्वन्ध पाइन्छ । दैनिक घर संचालनका लागि महिला र पुरुषको सरसल्लाहबाट हुने गर्दछ। तर सम्पत्ति माथि भने पुरुषको नै एकलौटी अधिकार हुन्छ। घरको आन्तरिक काममा महिलाहरुको प्रमुख हात हुन्छ भने घर वाहिरको काममा पुरुषको प्रमुख हात हुने गर्दछ। विवाह गरी दिएपछि छोराहरुलाई भिन्न गराउने प्रचलन छ। तर यसलाई अनिवार्य मानिदैन । यसरी भिन्न गराउँदा परिवारमा भएको जमिन तथा पैतृक सम्पत्तिलाई बरावरी अंशवन्डा गरी बाँडिन्छ। सम्पत्तीको एक हिस्सा बाबु आमाको जीवन निर्वाहको लागि “जीउनी” को रुपमा राख्ने गरिन्छ। बाबु आमा यदि कुनै छोरासंग बसेमा उनीहरुको शेषपछि जीउनी लालनपालन गर्ने छोराकै हुने गर्दछ । माझी जातिको परिवार पनि पितृसत्तात्मक भएकोले परिवारको प्रमुख पुरुष नै हुन्छ। सबैले बाबुलाई नै मुख्य मान्छे मान्दछन्। उसको रेखदेख, नेतृत्व र नियन्त्रणमा परिवार संचालित हुन्छ। यस जातिमा अन्य जातिको महिलासंग विवाह गरेर जन्म भएको सन्तानको जात बाबुकै हुन्छ।

तालिका नं. ४

उत्तरदाता माझीहरुको परिवारको स्वरुपको आधारमा विवरण

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | १३ | ३०.९५ |
| एकल परिवार | २९ | ६९.०५ |
| जम्मा | ४२ | १०० |

*श्रोतः* स्थलगत सर्वेक्षण, २०६८।

टाँडी गा.वि.स. ५ का माझी जातिको कूलघरधुरी ४२ को अध्ययनबाट संयुक्त परिवार १३ अर्थात ३०.९५ प्रतिशत र एकल परिवार २९ अर्थात ६९.०५ प्रतिशत रहेको छ ।

## ५.४ घरबास

हावापानी र भौगोलिक अवस्थाले जुन सुकै भौतिक संस्कृतिमा पनि प्रभाव परेको हुन्छ । मानिसहरुले पनि सो आधारमा आफ्नो बन्दोबस्त गर्दछन् । माझिहरुको घरबास अत्यन्त साधारण किसिमको छ । टाँडी गा.बि स. क्षेत्रका माझिका घरहरु प्राय २ तले र केहि भुई तले छन् । घरको छाना प्राय छवाली र खर र केही जस्ताक छन् । घर भित्र र बाहिर सेतो र पहेलो कमेरो माटोले पोत्छन्। घरको अगाडि गाई बस्तु बांध्नका लागि कटेरो बनाएका छन् भने घरको दलानमा पाली गाँसि दलानलाई फराकिलो बनाएको पाईन्छ ।

तालिका नं. ५

माझी जातिको घरको प्रकार

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पक्की | ज्ञण | द्घ।डज्ञ |
| कच्ची | घद्द | ठट।ज्ञढ |
| जम्मा | द्धद्द | ज्ञणण।णण |

श्रोत : स्थलगत सर्वेक्षण, २०६८

घरको वरिपरी रहेका मसिहरुमा मकैका झुप्पा झुन्डाएको पाईन्छ । कतिपय घरहरुमा फर्सि र वीउ विजनका थैलीहरु पनी झुन्डाएको पाईन्छ । घर माथि र घर मुनी घरमा ठड्याएर माछा मार्ने जाल टाँगी थकौली र हलो जुवा राखिन्छ । घरभित्र भान्साको लागि एक कुनामा अंगेनो बनाई त्यस वरिपरि भांडाकुंडा ठड्याएर राखिन्छ । प्राय गरि यिनिहरुको घर भित्र झ्याल कम हुन्छ र जसको कारणबाट घरभित्र अध्याँरो देखिन्छ । गर्मी समयमा प्राय गरी सबै माझिहरु गोठ तथा घरको बार्दली दलान आदिमा लस्करै सुत्दछन् । यिनिहरुको घरबास तथा जनजिवन अरु जातिको जस्तै सरल र सामान्य नै पाईन्छ ।

माझी जातिकोको आर्थिक अवस्था धेरै नै नाजुक देखिन्छ । अध्ययन क्षैत्रका केही माझी जातिको घर भने पक्की जस्तैः जस्ता र टायलले छायको घर बनाउदा इटा, सिमेंट, ढुङ्गाको प्रयोग गरेको पाइन्छ भने कच्ची घरहरु खर, काठ, छ्वालीले छाएको भुइ तल्ले घरहरु छन् ।

### ५.४.१ खानपान

माझीहरुको मुख्य खानामा दाल, भात, तरकारी र रोटी नै हो । प्रायगरी यस क्षेत्रमा धान खेती कम हुने हुनाले र मकै, गहुँ तथा कोदोको खेती प्रवल हुने हुनाले ढिंडो, रोटी, पुवा भुटेको मकै,गहुं , जाँड- रक्सी पनि खाने गर्दछन् । भुटनको रुपमा तेल, घ्यू आदि प्रयोग गर्दछन् । तरकारिको रुपमा माछा, सागसब्जी, गेडागुडी आदि प्रयोग गर्दछन् । माछा मासुको हकमा बंगुर, खसि, बोका, बाखा, राँगा, भैसी, कुखुरा आदी मन परांउछन् । माझिहरुको खानपीन किरँत समाजसंग मिल्दो जुल्दो पाईन्छ । जाँड रक्सीको हकमा सबै माझी स्वतन्त्र छन् र अनिबार्य ठानी खाने गरेको पाईन्छ ।

### ५.४.२ भेषभुषा र गहनाहरु

बुढापाका माझीहरुको भेष-भुषा प्राचीन सभ्यताको झझल्को गराउने खालकाछन् । उनीहरु लाज ढाक्नको लागि लगौटी बाहेक अन्य कपडा उस्तो लगाउदैनन् । महिलाहरुले पनि एउटै साडीले सम्पूर्ण शरिर ढाक्ने गरेको देखिन्छ । जाडोको समयमा भने पुरुषहरुले अली बाक्लो कमिज र महिलाहरुले अली बाक्लो साडी लगाउदछन् । साडी प्राय सेतो रंगको लगाउदछन् । आज भोलीका पुस्तामा केटाहरुले शर्ट, पाईन्ट, जुत्ता, मोजा, चप्पल, सुईटर, स्यान्डो ज्याकेटको पनि प्रयोग गर्न थालेका छन् । केटीहरु पनि सर्ट, पाईन्ट फ्रक बुटे रंगि- चंगि साडी तथा चोली लगाउंदछन् । चौबन्दि चोली लगाएको देखिदैन । बुढा पुरानाहरु फरिया मात्र लगाउंदछन् । चप्पल सम्म पनि प्रयोग गर्दैनन् । जीउ सबै घाममा डड्ने भएकोले छाला कालो भई कत्ला समेत पर्दछ । जाडो याममा बर्को अथवा साधारण किसिमको कम्मलले जस्तो सुकै जाडो पनि टाछ्र्न । बिहान बेलुका घरको काम धन्दा गर्ने देखि लिएर राति सुत्दा सम्म पनि जाडो भगाउने साथि त्यही नै हो । सीरक, डस्ना, सिरानि जस्ता कुराहरु सामान्यत माझी जातिको घरमा हुदैन् । आर्थिक अबस्थाले मात्र

सामन नजोडेर हैन कि उनीहरुको संस्कार नै त्यस्तै बसिसकेको हुंदा त्यस्तो भएको हो । अति जाडो भएमा दाउरा बाली आगो ताप्छन् । दाउरामा माझिहरु सौखिन देखिन्छन् । राम्रो र बल्ने दाउराको प्रत्येकका घरमा खलियो राखिएको हुन्छ ।

माझीहरुको पहिरन अन्य पर्वतेहरुको जस्तो पाईन्छ । बुढा पुरानाहरुले भोटो, कछ्यार, सुरुवाल र नेपाली टोपी तथा युवा पिढीले सर्ट पाईंट, हाफ टि सर्ट, स्वेटर, ज्याकेट तथा जुत्ता चप्पल लगाउछन् । महिलाहरु प्राय रातो रंगको चोलो सारि, फरिया, लुङ्गी, स्वेटर लगाउछन् । पुरुषहरु कछ्यार र कमिज प्रयोग गर्दछन् र महिलाहरुले रातो र पहेलो सारि, ब्लाउज प्रयोग  गरेको पाइन्छ । परम्परागत रुपमा माझिहरु थोरै लुगा प्रयोग गर्दछन् र स्वास्नी मानिसहरु साधारण सारि र चोलो तथा पुरुषहरु भोटो र लगौंटी लगाउछन् । केटाकेटिहरु भने नांगै धुलो मैलोमा देखिन्छन् । आज भोली भने अन्य जातिसंगको सभ्यता देखेर आधुनिक पहिरन पनि अपनाउन थालेका छन् । पुरुषको पहिरनमा भोटो, कछ्यार, चप्पल, नेपाली टोपी तथा युवाहरु सर्ट, पाईन्ट, चप्पल, जुत्ता, नेपाली टोपी तथा महिलाहरु फरीया चोली लगाउछन् ।

माझि जातिमा पुरुषले गहनाको प्रयोग गरेको देखिदैन । उनिहरु घर छोडेर बाहिर जानु पर्दा कपालमा तेल लगाउने धोति बाध्ने टाउकोमा फेटा बाध्ने, कमिज,सर्ट, भेस्ट तथा स्याण्डो लगाउछन् । माझी महिलाहरु घांटिमा चांदिको  माला, सुनको फुली, नाडीमा चाँदीको चुरा दुबै हातमा कुहिना माथि चाँदीको चेप्टो एक एक वटा पात लगाउछन् । पोते, तिलहरी,कानमा मुद्रि कपाल बाध्न चुरि प्रयोग गर्दछन् । सानै उमेरका केटाकेटीहरु भने मोहर सुकिका माला लगाउंछन् । माझि महिलाहरुले कहिलेकांहि चेप्टे सुन वा लेर्का लगाएको पनि भेटिन्छ । महिलाकै गहनामा पोते, तीलहरि सिलमुद्रि, फुली र कानमा सुनको थाली लागाउँछन् ।

### ५.४.३ भाडा वर्तनहरु

खाना बनाउनका लागि माझीहरु प्राय सिलावरका तसला तथा कराई प्रयोग गर्दछन् । खानेकुरा खाने भाडाँहरु पनि सिलावरकै थाल, कचौरा, बटुका हुन्छन् । केही घरमा

स्टीलका भांडोहरु पनि प्रयोग हुन्छ । भोजभतेर खाने हुदां ठुला सिलावरका तसला प्रयोग गर्दछन् । पानी ल्याउन र राख्नका लागि माटाका गाग्री तथा सिलावरकै करुवा, लोटाको चलन थियो । तर त्यस्ता सामानहरु आज भोली सम्पन्न घरमा मात्र देखिन्छन् । माझीहरु अन्नहरु राख्न, माटोको भोडोहरु पनि प्रयोग गर्दछन । अन्य तामा, काँसको भाडाहरु पनि प्रयोग गर्दछन । यिनिहरु जांड खानका लागी कचौरा र बटुको प्रयोग गर्दछन् भने रक्सी पिउनको लागी गिलासको प्रयोग गर्दछन् । आजभोली माझीहरुले  सिल्भरको बटुको र गिलासको बढि प्रयोग  गर्न थालेका छन् ।

## ५.५ संस्कारहरु

विभिन्न समाजमा व्यक्तिको जन्मदेखि मुत्यु सम्मका प्रकृयाहरु सम्पन्न गर्नका लागि विभिन्न जाति वा समाजहरुमा निश्चित प्रकृयाहरु तयार गरिएका हुन्छन् । यसैलाई जातिय संस्कार भनिन्छ । यो जातिय कुल मर्यादा अनूरुप हुने गर्दछ । संस्कारले मानिसको जातिय पहिचान गराउनमा सघाउ पुऱ्यादछु । संस्कार भित्र गर्भाधारण देखि अन्त्येष्टि सम्मका सामाजिक क्रियाकलापहरु समावेश भएका हुनाले यो जाति विशेषमा फरक फरक  हुने गरेको पाईन्छ । संस्कारहरुमा सम्बन्धित जातिले अपनाउँदै आएका धर्म संस्कृतिको प्रभाव परेको देखिन्छ । माझी जातिमा पनि संस्कारहरु सम्पन्न गर्ने आफ्नै प्रकारका रितिस्थिति रहेको पाईन्छ । कतिपय संस्कारहरु हिन्दु परम्परा अनुसारका भएता पनि केही संस्कारहरु विशिष्ट प्रकारले सम्पन्न गरेको पाईन्छ । माझी जातिमा परम्परागत विधिहरु अपनाएर संस्कार कर्म आफ्नै जातका मानिसहरुले सम्पन्न गर्दछन् तर यसो गर्न यिनिहरुको लिखित ग्रन्थ वा पुस्तक भने भएको पाइँदैन ।

### ५.५.१ जन्म संस्कार (न्वारान)

माझी जातिमा बच्चा जन्मदा छोरा भएमा सात दिनमा र छोरी भएमा पांच दिनमा न्वारान गर्ने चलन छ । यस जातिमा पनि सुत्केरी बार्ने प्रचलन छ । यस अवधिमा महिलालाई घरको कुनै अध्यारो कुनामा राख्ने गर्दछन् र अन्यसंग घुलमिल हुनबाट टाढा नै राखीन्छ र छोरा भए सात दिनमा र छोरी भएमा पाँच दिनमा “गैडांपर्वत” पुजा गर्ने गर्दछन् । पुजाका लागि गाईको गोवरले दैलो लिप्दछन् र अक्षता पातिसहित धुप सल्काएर

भाले र पोथी एक जोडी कुखुरा घरको दैलोमा काटी भोग दिन्छन् । यसपछि कन्याकेटीले सुत्केरी बारेको चोख्याउने गर्दछन् । बच्चाको न्वारान गर्ने छुट्टै पुरोहित नहुने भएकोले न्वारान गर्ने दिन गाउँका सबै भन्दा जेठा बाठा व्यक्तिले बच्चाको नामाकरण गरिदिन्छन् । यिनिहरुमा प्राय गरी बच्चा जन्मेको वारको आधारमा नाम राख्ने चलन छ । त्यसैले यस जातिमा मंगले, बुधे, शुक्रे, जस्ता नामहरु पर्याप्त रुपमा भेटिन्छन् । तर हाल आएर माझि जातिमा शिक्षा र चेतनाको विकासले गर्दा त्यस्ता नामहरु प्रायः कमै राखिएको पाइन्छ ।

## ५.५.२ पास्नी

यस जातिमा छोरालाई ६ महिना र छोरीलाई पाँच महिनामा पास्नी गर्ने चलन रहेको पाईन्छ । पास्नी गर्दा एक माना चामलको भात, दहि र माछा मासु पकाएर बच्चाको बाबुले सबै खाने कुराहरु मोहरमा राखेर बच्चालाई खुवाउछन् । त्यसपछि आमा र परिवारका अन्य सदस्यहरु तथा इष्ट मित्रहरुले पनि पालै पालोसंग बच्चालाई खाना खुवाई अक्षताको टीका लगाई उपहारहरु दिने चलन रहेको पाईन्छ । त्यस दिन बच्चालाई नयाँ कपडा लगाउने प्रचलन रहेको छ ।

## ५.५.३ छेवार

आमाको गर्भबाट लिएर आएको कपाल पहिलो पटक काटिदा एउटा उत्सवको रुपमा छेवार गरिन्छ । बालकको कपालको रौ फेदैदेखि फाल्ने प्रथालाई छेवार भनिन्छ । वालक ५ वा ७ वा ११ वर्षको हुँदा गरिने छेवार मामाले बालकलाई गाईको गोठमा दाम्लाले बांधी एकमाना चामलको पिठोको सेलरोटी खुवाई कपालको रौ फालिदिन्छन् । यसरी कपालको रौ फालिदिए वापत मामाले दस्तुरका रुपमा भान्जालाई टोपी उपहार दिनुपर्ने प्रचलन छ । माझि जातिहरुमा छोरा सात वर्ष भएपछि छेवार गर्ने प्रचलन रहेको देखिन्छ । यस प्रक्रियामा छेवार गर्न बच्चाको मामाको उपस्थिति वा कार्य महत्वपुर्ण रहेको हुन्छ । बच्चाको दुबैतिरको कानमा सेल रोटी झुण्ड्याई घाँटीमा दाम्लोले बाँधेर मामाले कपालकाटि दिन्छन् र उपहार पनि दिन्छन् । त्यस पछि क्रमैसंग आफन्तहरुले आ-आफ्नो गच्छे अनुसार बच्चालाई टिका लगाउदै पैसा तथा अन्य उपहार दिने गर्दछन्  अन्तिममा

छेवरमा बोलाएका पाहुनाहरुलाई खानपिन गराई इष्टमित्रलाई विदाई गरि छेवर सम्पन्न गर्ने गरिन्छ ।

### ५.५.४ विवाह

मानव समाजमा जन्मपछिको अर्को महत्वपूर्ण संस्कार कार्य विवाह हो । महिला र पुरुष सम्बन्धलाई पतिपत्नीको रुपमा समाजले स्वीकार गर्नु नै विवाह हो । महिला र पुरुषलाई यौन सम्बन्ध राखी बच्चा जन्माउँदा समाजद्धारा मान्य हुनु नै विवाह संस्कार हो । यसरी स्त्री र पुरुष बीचमा यौन सर्म्पक राख्ने बैधानिक अधिकार प्राप्त गर्ने कार्य नै विवाह हो । नेपाली समाजमा विवाहलाई पुरुष र स्त्री बीचको समझदारी मात्र नभई सामाजिक र धार्मिक कर्तव्य र बन्धन पनि मानिन्छ । नयाँ जीवन र सहयोगको क्षेत्रको शुरुवात समेत विवाहबाट हुन्छ । विवाह सम्बन्धी विभिन्न जातजाति, विभिन्न धर्म, संस्कृति, मान्य समुह बीच आ-आफ्नै प्रकारका विशेष परम्पराको वैवाहिक रितिरिवाज गर्दै र मान्दै आएको भेटिन्छ । यसरी नै माझी जातिमा पनि मुलतः मागी विवाह, चोरी, जारी विवाह, विधुवा विवाह र प्रेम विवाह प्रचलित भएको पाईन्छ । यी मध्ये मुख्य गरी मागी विवाह नै माझी जातिमा बढि प्रचलित छ। र हिजो आज प्रेम विवाह गर्ने प्रचलनमा केही वृद्धि भएको देखिन्छ । चोरी, जारी विवाहको प्रचलन विस्तारै लोप हुँदै गएको पाईन्छ । हाड नाता भित्र विवाह गर्ने प्रचलन छैन भने मामाचेला फुपुचेली विवाह पनि गर्ने चलन छैन । यस जातिको आफ्नै जाती भित्र विवाह गर्ने गरेको पाईन्छ ।

तालिका नं ६

उत्तरदाताको आधारमा माझी जातिमा प्रचलित विवाहको विवरण

| विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | १७ | ४०.४८ |
| चोरी विवाह | २ | ४.७६ |
| जारी विवाह | ३ | ७.१४ |
| विधवा विवाह | १ | २.३८ |

| | | |
|---|---|---|
| प्रेम विवाह | ११ | २६.१९ |
| बुहपत्नि विवाह | ८ | १९.०५ |
| जम्मा | ४२ | १००.०० |

*श्रोतः* स्थलगत सर्वेक्षण, २०६८ ।

तालिका ९ अनुसार टाँडी गा.वि.स. ५ का माझीहरुको कूल घरधुरीको अध्ययन अनुसार सबभन्दा बढी मागी विवाह १७ अर्थात ४०.४८ प्रतिशतले र सबभन्दा कम विधवा विवाह १ परिवार अर्थात २.३८ प्रतिशतले गरेको पाइन्छ ।

### ५.५.४.१ मागी विवाह

वर र वधुका बीचको सहमति र सम्झौताद्वारा अभिभावकहरुको रोहवरमा हुने विवाहलाई नै मागी विवाह भनिन्छ । माझी जातिमा मागी विवाह नै सबै भन्दा बढि प्रचलनमा रहेको छ । यस विवाहमा केटाको बाबु र एक जना लमीलाई लिएर कन्याको घरमा माग्न जान्छन् । यसरी जाँदा माटोको सुराहीमा एक माना रक्सी र माछा लिएर जान्छन् । यसलाई “सुर्केपुङ्ग” भन्ने गरिन्छ । कन्याका घरमा पुगेपछि “सुर्केपुङ्ग” अगाडि सार्ने काम हुन्छ । यो “पुङ्ग” कन्याको आफ्नै हातले भित्र्याएमा स्वीकृति प्राप्त भएको मानि विवाहको कुरा अगाडि बढाईन्छ । तर “सुर्केपुङ्ग” लाई नभित्र्याएमा अस्वीकार भयो भनि कुटुम्बलाई केटीपक्षको बाबुले “गुलियो बचन” दिन्छन् । यसपटक भएन अर्को पटक पनि आउनु होला भन्ने बचन हुन्छ । यसैलाई नै “गुलियो बचन” भनिन्छ । केटीले सहमति दिएमा कुरा छिन्ने काम गरिन्छ । यतिबेला केटी पक्षले माग गरेमा केटालाई पनि कन्याको घरमा लिएर जानुपर्दछ । यसरी जाँदा केटी पक्षले माग गरे अनसारको रक्सीको पुङ्ग र माछा लानु पर्दछ । यसरी लगिएको सामान दुवै पक्षका मानिसहरु संगै बसेर खानपिन गर्दछन् । केटी माग्न र कुरा छिन्न साइत हेर्ने गर्दछन् । यी कार्यहरु प्राय बुधबार पारेर गर्ने चलन पनि छ ।

विवाहको कुरा छिनेपछि केटाका बाबु र एक जना लमी विवाहको दिन निश्चित गर्न केटीको घरमा जान्छन्, यसरी जाँदा केटी पक्षले माग गरे अनुसार रक्सीको पुङ्ग र माछा लिएर जानुपर्दछ । यतिबेला केटीको घरमा कन्याका मामा, दाजुभाई र अन्य इष्ट मित्रहरुलाई पनि बोलाउने प्रचलन छ । र उपस्थित भएका सवैको सहमतिमा जन्ती ल्याउने दिन र विवाहका निमित्त केटीलाई चाहिने कपडा गर गहना आदि केटीलाई नै माग्न लगाउने चलन छ । तर कहिले कांहि केटीको बाबु आमाले नै पनि माग्ने गर्दछन् । विवाहको दिन निश्चित गरी केटी पक्षबाट चाहिने सामाग्री माग गरेपछि उपस्थित सवै मिली केटा पक्षबाट लगिएको पुङ्गको रक्सी र माछा त्यही बसी खाने गरिन्छ । विवाहको लागि तोकिएको मितिमा नै जन्ती लानु पर्दछ । जाने अघिल्लो दिन केटा पक्षले लमीलाई साथ लिएर केटीको घरमा मकै र चामलको गरी पांच पाथी जँड, तीनवटा कुखुरा, तीन धार्नी माछा, दश पाथी चामल, सुकेको माछा, गुन्द्रुक सालको पात, दहीको ठेकी, सिन्की र उखुको लाक्रा वा केराको साप्ला पुऱ्याउनु पर्दछ । यसरी लैजानेलाई “ठेकीको जाँड” वा “कागाठेकी” भनिन्छ । त्यहि दिन राति केटीको घरको एक छेउमा गोवरले लिपेर चामलको पिठोको रेखी बनाईन्छ । रेखीको एकापट्टि दुई वटा कुखुरा समातेर लमी बस्दछन् । र रेखीको अर्कोतिर सुपारी, सिन्दुर, जनै, दुवो समातेर केटीको बाबु बस्दछन् । केटीको बाबुले केटा र केटीको नाम उच्चारण गरेर मेरी छोरी फलाना केटालाई दिए भन्दछन् । फलानोको छोरी फलानाको छोरालाई दिइस् त् भनेर लमीले केटीको बुबालाई सोध्छन् र केटीको बुबाले दिएं भन्दछन् । यो प्रकृया तिन पटकसम्म दाहोऱ्याएपछि लमीले “आकाशमा गए खुट्टामा समातेर तानौला, पातालमा गए चुल्ठामा समातेर तानौला, पोइला गए यसै गरी काटौला” भन्दै दुई वटा कुखुरा काट्छँन् । यो प्रकृयालाई “बागदन्त बोल्ने” भन्दछन् । यसरी बागदन्त बोल्दा केटी पक्षका दाजु भाइ, छरछिमेकी, इष्टमित्र, मावलीका सबै जना उपस्थित हुनु पर्दछ । त्यस रात लमी केटीकै घरमा बस्ने गर्दछन् ।

भोली पल्ट केटीको घरमा जन्ती जाने गर्दछन् यसरी जन्तीमा दाजुभाइ,  इष्टमित्र, नाता कुटुम्बआदी समेटीएका हुन्छन । जन्ती जादाँ सवै जनाले पटुका, धलेक लगाउँछन् । र

कपाल खौरेर पगरी लगाउने गर्दछन् । दुलहाको निधारमा अविर, केसरी र अक्षताको टीका लगाई दिन्छन् । दुलहा अन्माउँदा आमाले दुलहालाई दही खुवाई दिनु पर्दछ र दुलहाले मोहर राखेर आमालाई खुट्टामा ढोग्नु पर्दछ र केटिपक्षले माग गरे छ भने पञ्चै बाजा बजाउनु पर्दछ नत्र मादल मात्र बजाएर जान्ति लैजाने प्रचलन छ । केटीको वा दुल्हीको घरमा जन्ती पुग्नु भन्दा केही अगाडि एक जना "भत्कुरो" लाई केटीको घरमा पठाईन्छ र भत्कुरोले जन्तीको संख्या र तिनीहरुका लागि गर्नुपर्ने आवश्यक व्यवस्थाका बारेमा केटी पक्षलाई जानकारी गराउँदछन् र जन्ती पुगेपछि केटी पक्षबाट जन्ती पर्सिनु पर्दछ । यस जातिको विवाहमा स्वंयवर गर्ने प्रचलन नभए पनि हाल आएर नजिकका अन्य जातिको जस्तै स्वंयवर गर्ने चलन शुरु भएको देखिन्छ । सोही दिन वरणी गरिन्छ र वरणी गर्दा कन्याका बाबुले वरपिपलको पात, दुवो, बेलपत्र, आँपको पात अक्षता बेहुलालाई दिन्छन् । यसै बेला बेहुली पक्षले अवीर र अक्षताले जन्ती पर्सिन्छन् । बेलुका जन्तीलाई दुलही पक्षले भोज खुवाउनु पर्दछ ।

दोश्रो दिन विहान विवाहको मुख्य कार्य शुरु हुन्छ । केटीको घरको आँगनमा वर र बधु दुवैलाई संगै राखेर जग्गे गर्दछन् । यसो गर्दा कुनै मन्त्रोच्चारण वा अन्य विधि विधान गरिदैन । यस पश्चात कन्याका तर्फबाट बेहुलीको गोडाधुने कार्य गरिन्छ र गोडा धुँदा बेहुलीलाई आफुले सकेको पैसा र भाडा कुडाँ दिने गर्दछन् । यो प्रकृया समाप्त भएपछि माइतीहरुले नदेख्ने गरी पछ्यौराले छोपेर दुलहाले दुलहीलाई सिन्दुर राख्दछ । क्रमसंगै माउर खुवाउने, सुपारी खेल्ने र लादो भुट्ने क्रिया सम्पन्न हुन्छ । त्यसपछि बेहुला र बेहुलीलाई खाना खानाको लागि घर भित्र लगिन्छ । माईतीपक्षका समक्षमा जन्तीलाई पनि सगुन खुवाउँदछन् । विवाहको सबै कार्य पुरा भएपछि दुलहा र दुलहीलाई हातमा अक्षता लिएर जग्गे गरेको ठाउँमा तीन पटक घुमाई बेहुली अन्माउँदछन् ।

जन्ती फर्केपछि "जन्ती भतेर" खाने ठाउँमा बेहुलाको बाबु आमा वा अन्य कसैले बेहुला बेहुलीलाई टीका लगाएर जाँडको सगुन खुवाउने गर्दछन् । यसपछि सबैले जन्ती भतेर खाने गर्दछन् । यसपछि बेहुलीलाई घरमा भित्र्याइन्छ र दुलही भित्र्याउँदा घरको ढोकामा चेलीबेटीले बाटो छेक्ने गर्दछन् । यसरी ढोका बन्द भएकोमा बेहुलाले चेलीबेटीलाई ढोका

खोली देउ म सारी चोलो दिउला भन्दै ३ पटक आग्रह गरेपछि बाटो छोडिदिन्छन् । घरको ढोकामा ९ वटा सालको पातको दुनामा बत्ती बालीएको हुन्छ ।

त्यसलाई बेहुलीले कुल्चदै बत्ती निभाएर सोहोर्नु पर्दछ यसपछि विवाह सम्पन्न हुन्छ । दुलहा अन्माएपछि केटाको घरमा रत्यौली खेल्ने गरिन्छ । रत्यौलीमा महिलाहरु पुरुषको कपडा लगाएर मादल बजाई नाचगान गर्ने गर्दछन् । रत्यौलीमा महिलाहरु मात्र भएको वातावरणमा नाचगान गर्ने भएकाले प्राय गरी पुरुषहरुले हेर्ने चलन छैन । यदि पुरुषहरु हेर्न आएमा सबै महिलाहरु मिलेर खेद्छन, त्यसैले रत्यौली नाचमा पुरुषहरुको सहभागिता पाइन्दैन ।

### ५.५.४.२ चोरी विवाह

यस जातिमा पनि चोरी विवाह गर्ने चलन पाईन्छ । यस विवाहमा केटाले केटीलाई जात्रा, मेला, दाउरामा जादाँ जर्वजस्ती लिएर जान्छ । यसमा केटीको असहमति र सहमती दुवै हुन सक्दछ । तर कन्याको बाबु आमालाई थाहा नदिइकन लगिने हुनाले यसलाई चोरी विवाह वा जारी विवाह भनिन्छ । यसरी कन्याकेटीलाई ल्याएको केही दिन पछि केटा पक्षले केटी पक्ष समक्ष रीत पुऱ्याउन जानु पर्दछ । रीत पुऱ्याउँदा सेल रोटी, रक्सी, माछा, मासु र कुखुराको फुल लिएर केटाकेटी दुवै जना केटीको माइती जानु पर्छ । यसरी जानुलाई "हरियो पोका" पुऱ्याउने भनिन्छ । केटीको बाबु आमाले केटा र केटी दुवैलाई टीका टाला गरी विवाहलाई औपचारिक मान्यता दिन्छन् ।

### ५.५.४.३ जारी विवाह

जारी विवहमा केटी विवाहित रहेछ भने केटाले पहिलो लोग्नेलाई वीस रुपैया जारी तिर्नु पर्दछ । यस प्रकारको विवाहलाई समाजले राम्रो नमान्ने भएकोले अहिले प्रायः लोप भई सकेको देखिन्छ ।

### ५.५.४.४ प्रेम विवाह

माझी जातिमा प्रेम विवाह र केही मात्रामा विधुवा विवाह पनि प्रचलनमा रहेको देखिन्छ । केटा र केटीको बीचमा प्रेम सम्बन्ध भएपछि दुवै जनाको सहमतिमा घरबाट भाग्ने

गर्दछन् । यसलाई नै प्रेम विवाह भनिन्छ । चोरी विवाहमा जस्तै यस प्रेम विवाहमा पनि केही दिनपछि केटीको माइतमा “हरियोपोका” बुझाउनु पर्दछ । यस प्रकारको विवाहको मात्रा दिन प्रतिदिन वृद्धि हुँदै गएको पाईन्छ । यस जातिमा अन्य जातिका व्यक्तिहरुसंग प्रेम विवाह गर्ने प्रचलन पनि बढ्दै गएको पाइन्छ ।

#### ५.५.४.५ विधुवा विवाह

विधुवा विवाहमा हिन्दु समुदायमा जस्तो यस जातिमा विधुवा माथि कडा सामाजिक बन्देज छैन । यसर्थ विधुवा विवाहलाई सामान्य र सहज रुपमा लिने प्रचलन छ । विधुवासंग विवाह गर्दा कुनै विधि विधान पुरा गर्नु पर्दैन । महिला र पुरुषका बीच कुरा मिलेपछि महिला पुरुषको घरमा गएर बस्ने गर्दछन् । विवाहपछि बेहुलाको घरमा आएपछि पनि विधुवालाई मागी विवाह गरे सरह मान, सम्मान र व्यवहार गर्ने गरिन्छ साथै तिनीहरुबाट जन्मेका बच्चाहरुलाई पनि समाजमा त्यहि सम्मानजनक र स्नेहपुर्ण स्थान दिइन्छ ।

#### ५.५.४.६ बहुपत्नी विवाह

यस माझी जातिमा बहुपत्नी विवाहलाई सहज रुपमा लिने गरिन्छ । यस जातिमा मानिसहरु विशेष गरी बच्चा नभएमा एक भन्दा बढि पत्नी विवाह गर्ने गर्दछन् । यस जातिमा छोरा नजन्मिएमा पनि बहु विवाह गर्ने प्रचलन छ । यिनिहरुको मुख्य कार्य कृषि नै भएकोले यस समुदायमा खेतीको काम गर्न सजिलो हुन्छ भनेर पनि बहुपत्नी विवाह गरेको पाईन्छ । कृषि माथिको निर्भरता कम हुँदै गएको, आर्थिक बोझ बढ्ने परिवारिक वातावरण विग्रने र बुहविवाह कानून विपरित समेत भएकोले युवा पुस्तामा बहुपत्नी विवाह गर्ने प्रवृत्ति कम हुँदै गएको पाईन्छ । वहुपत्नी विवाह गर्दा केटी मागेर नै विवाह गर्ने चलन छ भने यसरी विवाह गर्दा मागी विवाह अनुरुप सबै विधिहरु पुरा गर्नु पर्दछ।

### ५.६ मृत्यु संस्कार

यस माझी जातिको मृत्यू संस्कार र अन्य जातिको संस्कार जस्तै विभिन्न विधिहरु पुरा गर्नु पर्दछ । यिनिहरुले मृत्यु संस्कारलाई पनि महत्व दिएर पुरा गर्दछन् । मानिस नबाँच्ने अवस्थामा पुगेपछि

विरामीलाई घरको दलान वा आगनमा निकालेर दही खुवाई दिन्छन् । मानिसको मृत्यु भएपछि गाउँका सबैजना मृतकको घरमा भेला भएर त्यसलाई हरियो बासको घारमा राखेर र घाटतर्फ लैजान्छन् । पुरानो संस्कार अनुसार लासलाई मृतकका छोराहरुले बोक्नु पर्दछ । यदि छोरा नभएमा दाजुभाईले बोक्दछन् । लासको अगाडि एक जनाले धान र पैसा छर्दै हिड्नु पर्दछ । माझी जातिमा लासलाई नदीको किनारमा लगी जलाउने प्रचलन छ । यिनिहरुमा मृत्यु संस्कारलाई दुई चरणमा सम्पन्न गरीन्छ ।

### ५.६.१ क्रिया

माझी जातिको क्रिया बार्ने क्रममा हिन्दुहरुको बाहुन जाति जस्तै गर्ने प्रचलन धेरै मिल्दो छ । मृतकका छोराहरुले दश दिनसम्म एक छाक मात्र खाएर क्रिया बस्नु पर्दछ । क्रिया वस्दा छोराहरुले पहिला लगाएका कुनै पनि कपडा नलगाई नसिलाएको सेतो कपडा शरिरमा बेरेर बस्ने गर्दछन् । १० दिनसम्म दाजुभाइहरुले पनि नुन बार्ने गर्दछन् । मृत्यु भएको १० औं दिनमा मृतकका ज्वाईले क्रिया गराउँदछन् । १० दिनको क्रिया गर्दा चोखो गरी पकाएको खाना चढाउन जादा सालको पात, केराको पात, आम्रिसोको बोट पनि लिएर जानु पर्दछ । यसबेला धुपिकाठको धुप बाल्ने चलन छ । यसपछि मलामी जानेलाई तिल र जौ छुवाई जाँड छर्केर चोख्याउने गरिन्छ । क्रिया बसेका छोराहरु जुठो लागेका दाजुभाई र घरका परिवारले तोरीको पिनाले नुहाएर चोखिने गर्दछन् । घाटबाट घरमा फर्केपछि क्रिया पुत्री र मलामीहरुलाई कन्या केटीले तीन पटक सम्म गाईको गहुत छर्कि दिनुपर्छ । पहिला क्रिया पुत्रीलाई खाना खुवाई पछि मलामीहरुलाई पनि खुवाउँदछन् । यस दिनको खाना माछा वा मासु र जाँड रक्सी अनिवार्य रुपमा दिने प्रचलन छ ।

### ५.६.२. बरखी वा पितरा

माझी जातिमा क्रिया गरिसकेपछि मृतकको नाममा वरखी गर्ने प्रचलन छ पितरा डाक्नका लागि घटस्थापनाको विहान मृत आत्मालाई निम्ता दिनु पर्दछ । यसरी निम्ता दिंदा सयपत्रीको फूल, बाबरी फूल, बाँसको धनुकाँडा, जाँड, मासु, माछा, केरा, चिउरा, मूल घर (गौरुङको घर) को बीचमा तला लहरै राख्दछन् । गौरुङ्गले घाडो (घण्टा) बजाएर

पितरालाई निम्तो दिन्छन् । त्यहाँ चढाइएका सामानहरु उपस्थित मानिसहरुले बाँडेर खाने गर्दछन् । दशैंको सप्तमीमा पुनः यही प्रक्रिया दोहोर्‍याउनु पर्दछ । उक्त दिन बेलुका गौरुङ्गले घाडो बजाउँदै टोटलाको फूल, बाबरी फूल, सयपत्री अक्षता पानी गाउँको चौबाटोमा राखी कुर्कुच्चाले कुल्चिन्छन् । यसो गर्दा मृत आत्मा नबोलाएसम्म गाउँमा पस्दैनन् भन्ने विश्वास गरिन्छ । गौरुङ्ग पुनः घाडो बजाउदै घरमा फर्किन्छन् र ढोकामा आएर बस्तछन् । यति गौरुङ्गलाई सगुन खुवाउनु पर्दछ । सगुन खानु अगाडि गौरुङ्गले कसैसंग पनि बोल्नु हुँदैन । यस दिनदेखि दशैंको टीकाको दिनसम्म मानिस मरेको घरमा ढोलक बजाएर नाचगान गर्ने गरिन्छ । दशमीको दिन विहान गौरुङ्गले मृत आत्मा आउने बाटो फुकाउँछन् । यसका निमित्त फूल, अक्षता, पानी, जाँड, माछा, मासु केरा, चिउरा, आदि आवश्यक पर्दछ । बाटो फुकाए पछि मृत आत्माको घरको एक छेउमा “साङले छाड्नु” पर्दछ । साङ्गले छाडेको स्थानको भित्तामा सूर्य, चन्द्रमा र तारा, हात्ती, घोडा, चराचुरुङ्गी, माछा आदिको चित्र बनाउछन् । यस्ता चित्रहरु बनाउनुको अर्थ मृत आत्मालाई सूर्य, चन्द्रमा र तारालाई साक्षी राखी यी जीवहरुमा सवार भएर आउन भनिएको हो । त्यस ठाउँमा मृत व्यक्ति पुरुष भए सेतो कपडाको दौरा सुरुवाल, टोपी, पगरी र मृत व्यक्ति महिला भए फरिया, चौलो, पटुका, पछ्यौरा, चुरा घाँग्रो चढाउने गरिन्छ । यो काम सकेपछि गौरुङ्गले पितरा सम्बन्धी राम्रो जानकारी भएको मूल भोटेको सल्लाहमा अन्य भोटेहरु चयन गर्दछन् । एक जना मृतकका निम्ति दुई जना भोटे चयन गर्नूपर्दछ । छानिएका भोटेहरुलाई चामलको पिठोले सिङ्गार्नु पर्दछ । गौरुङ्ग मूल भोटे, भोटेहरु सहित प्रत्येक धुरीबाट एक जना पितरा बोलाउनुको लागि नदीमा जानुपर्दछ । यसरी जाँदा कोदालो, खुकुरी तरवार पनि साथमा लानु पर्दछ । मृतकका परिवारको सदस्यले सल्लाको राँको बालेर बोक्नुपर्दछ । नदीमा जाँदा पितरा आउने बाटो समेत मर्मत गर्नुपर्दछ ।

नदीको किनारमा गौरुङ्ग र भोटेहरुले धुपीको काठ बाली फलफूल चढाएर पितरा डाक्ने मन्त्र फलाक्दछन् । सबैजना घरमा फर्किन्छन् र मृतकको घरमा नाचगान गरेमा पितरा आउँछ भन्ने विश्वास गरिन्छ । यदि पितरा आएन भने भोज भतेर मात्र गरेर सबैजना आ-आफ्नो घरमा जान्छन् । यदि पितरा आयो भने मृतकका दाजुभाइ, दिदी बहिनी,

श्रीमान, श्रीमती आदि कूल भित्रको मानिस मध्ये कोही काम्न थाल्दछ । कामेको व्यक्तिमा पितरा आएको मानिन्छ । त्यस व्यक्तिले मृत आत्माका बारेमा सबै तथ्यहरु भन्दछन् भन्ने विश्वास गरिन्छ । पितरा चढेका व्यक्ति समक्ष गाउँका मानिसहरुले जोखाना हेराउने चलन पनि छ । टीकाको दोश्रो दिन विहान प्रत्येक घरबाट एक एक माना चामल, तरकारी, माछा, मासु, जाँड आदि मृतकको घरमा लगेर साङ्गले छोडेको ठाउँमा चढाउनु पर्दछ । यो क्रियालाई "कुलुवा भात" चढाउने मानिन्छ । यदि पितरा आएको छैन भने "कुलुवा भात" चढाउने बेलामा पनि पितरा खाउन सकिने विश्वास गरिन्छ । पितरालाई चढाइएको वस्तु खाएपछि मृतकका श्रीमती तथा छोराहरुले वर्ष दिन सम्म बारेका सबै कुराहरु फुकुवा हुन्छ । यसैदिन दिउसो गाउँमा पितरा देखाउने प्रचलन पनि छ । पितरा देखाउनको लागि भोटेहरु र मृतकको वंशका दुई जना कन्या केटीलाई सिंगार्नु पर्दछ । यसरी सिंगारिएका कन्या केटीलाई " बाहुनी केटी " भन्ने गरिन्छ । बाहुनी केटीहरु मध्ये एक जनाले खुकुरी र जाली झोला बोकेको हुन्छ भने अर्कोले केरा र माछा झुन्डाइएको धनुकाँड भिरेको हुन्छ । भोटेहरुले पनि धनुकाँड बोकेका हुन्छन् । पितरा आएको मान्छेलाई पनि अनेक ढङ्गबाट सिंगाँरपटार गरिएको हुन्छ । यी सबै कार्य भएपछि गौरुङ भोटे, बाहुनी केटी, पितरा आएको ब्यक्ति र गौरुङ्ग (झांकी) मृतकको घरबाट बाहिर निकालिन्छ । यसरी निकालिएको एक जनाले माटोको सुराहीमा जाँड र चामल पनि बोकेको हुन्छ । यसैबेला मृतकको घरबाट एउटा कुखुरा पनि बाहिर निकालिन्छ । मूल भोटेले त्यस कुखुरालाई धनुकाँडले हानेर मार्दछ । भोटेहरुले मुखमा जाँड र चामल हालेर घोडा बनाउन जाने मानिसहरुलाई थुकदै लखेट्दछन् र ती मानिसहरु चाहिं भाग्दछन् ।

यसरी केही परसम्म लखेटेपछि फर्सी, लौका, काक्रो, कुभिन्डो, चिचिण्डो लगायत बाटोमा भेटिएका वस्तुहरुलाई धनुकाँडले हान्दै भोटेहरु
फर्किन्छन् । यत्ति गरिसकेपछि पितरालाई गाउँ घुमाउन शुरु गरिन्छ । "चल राजा शिकारैमा जाउँ मण्डल घुमी शिकार गरि खाँऊ" भन्ने जस्ता गीत गाउँदै पितरालाई प्रत्येक टोलमा पुऱ्याइन्छ ।

पितरा जुन टोलमा पुग्दछन् त्यहाँका हरेक घरबाट नाङ्लो माछा, मासु, चिउरा, धान, मकै, अक्षता आदि ल्याएर बाहुनी केटीलाई दिनु पर्दछ । यसबेला “दहीको ठेकी माछाको पेरुङ्गो जिर हालौं पिरै हालौं माझी मिजार” भन्दै नाङ्लो नचाएर नाच्ने गर्दछन् । बाहुनी केटीहरुले पङ्गे मुङ्गे घाँसै काटौ बाखा पाठालाई मागी जुगो पाल्नै पऱ्यौ सुर्के, काठालाई” भन्दै गीत गाउछन् । गाउँका सबै टोलमा पितरालई पुऱ्याई सकेपछि सबैजना “झिँगौटी” पर्सिन नदीको किनारमा जान्छन् । वगरमा सातवटा सालको लिङ्गो गाडिएको हुन्छ । यसैबेला घोडा किन्न गएका मानिसहरु वगरमा आइपुग्दछन् र यिनीहरु तथा वगरमा पहिल्यै जम्मा भएको मानिसहरुका बीच दोहोरी गीत गाउन शुरु गरिन्छ । गाडेको सालको लिङ्गोलाई चामलको पिठोको मट्याङ्ग्रा, तरवार, खुकुरी, आदिले हानेर ढलाउनु पर्दछ । लिङ्गो ढलाउँदा “ताकी तुकी हानौ राजा रानी सुगुवा, तउनले मारी दियो मेरै सुजुवा” भन्ने गीत गाउँदछन् । यसपछि मूल भोटेले घोडा (काठको) चढ्दछ र पितरा आएको व्यक्तिले घोडाको पुच्छर समातेर हिंड्नु पर्दछ। घोडा चढेको मुल भोटेलाई बाहुनी केटीको धनुकाँडमा उनीएको केरा र माछा खुवाउँछन् । घोडालाई गाउमा फर्काएर लगिन्छ। यसरी घोडालाई गाउँमा फर्काउँदा कुनै व्यक्ति घोडाको सामुन्ने पऱ्यो भने उसको मृत्यु हुन्छ भन्ने विश्वास गरिन्छ । घोडालाई मृतकको घरको पिंढिमा राखेर दाना पानी खुवाई सकेपछि जुन ठाउँमा पितरालाई कपडा चढाएको हो त्यही लगेर राख्ने चलन छ । यसपछि जाँड, रक्सी, मासु, भातको भोज भतेर गरिन्छ ।

पितरा सेलाउनको लागि ३ वटा भोर्लाको टपरी तयार गरी एउटा टपरीमा चामल र पैसा, दोश्रोमा, भोटेले शिकार गरेको कस्तुरीको मासु र तेश्रोमा चामलको पिठोको ढुङ्गा, ढिकी, जाँतो, भऱ्याङ बनाएर राखिएको हुन्छ । तीनवटै टपरीलाई विजय दशमीको तेश्रो दिनमा लगेर बगाइन्छ । यस प्रक्रियालाई पितरा सेलाउने भनिन्छ । पितरा सेलाई सकेपछि टीका टाला गर्ने प्रचलन छ । पितरालाई चढाएको लुगा कपडा ज्वाई चेलालाई दान दिने चलन छ । पितरा पछि तीन वर्ष सम्म सतवीज छर्ने औसीमा मृतकको नाममा वत्ती बाल्ने गरिन्छ । यो प्रक्रिया पुरा गरेपछि मृत्यु संस्कार पुरा हुन्छ ।

### ५.६.३. पुजाआजा तथा चाडपर्व

माझी जातिका समुदाय धार्मिक कार्यमा विश्वास गर्ने हुँदा विभिन्न देवदेवीको पुजा गर्ने गर्दछन् । यिनीहरुको गाउँको छेउमा देवी, महादेव, भिमसेन आदिको मन्दिर बनाइएको हुन्छ र ती मन्दिरहरुमा  समय समयमा जात्रा (मेला) लगाउने प्रचलन छ । माझीहरु दशैं, तिहार, चैते दशैं, साउने संक्रान्ति, माघे संक्रान्ति, तीज आदि चाडपर्वहरु पनि मान्दछन् ।

### ५.६.४. कोशी पुजा

माझी जातिहरु कोशी पुजा हरेक वर्षको जेष्ठ महिनामा नदिको किनारमा गर्ने गर्दछन् । यस पुजालाई अत्यन्त महत्वका साथ सम्पन्न गर्ने गरेको पाईन्छ । कोशी पुजा कृषिका लागि समयमा पानी परोस्, नदीमा बाढि आई धनजनको क्षति नहोस भनेर गर्ने गरिन्छ । परम्परादेखि पुजा गर्दै आएका स्थानमा एउटा लिङ्गो गाडेर गाउँका सबै मानिसहरुको उपस्थित भई हरेक घरबाट सम्भव भए कुखुरा नभए कुखुराको फुल जाँड रक्सी लैजानुपर्दछ । मिजार र गौरुङ्गले विभिन्न मन्त्र गरेर नदीको पुजा गर्दछन् । पुजा सम्पन्न भएपछि बेल बजाउँदै नदीको पानी एक अर्कालाई छयाप्दै माझीहरु राति अबेरसम्म नाचगान गरेर कोशी पुजा गर्ने गर्दछन्।

### ५.६.५. भुमे पुजा

भुमेले राम्रो अन्न उत्पादन होस खेतीपाती लगाएपछि  समयमा नै पाकोस भनेर भुमिको पुजा गर्ने प्रचलन पाइन्छ । गाउँभन्दा केही माथि रहेको भुमे स्थानमा मानिसहरु भेला भई हरेक घरबाट फुल अक्षता पानी जम्मा गरिन्छ । यसमा माझी बाहेक अन्य जातिका मानिसहरुले पनि अक्षता पानी लिएर समाहित हुने गर्दछन् । मिजार तथा गौरुङ्गले पुजा गर्ने गर्दछन् । पुजा सम्पन्न गरिसकेपछि उपस्थित मानिसहरुलाई टीका लगाई प्रसाद बाड्ने गरिन्छ । यो पुजा हरेक वर्षको जेष्ठ महिनामा गर्ने गरिन्छ ।

### ५.६.६. धान्य पूर्णिमा पुजा

हरेक वर्ष धान्य पूर्णिमाको दिन गाउँको नजिकै रहेको पाँच कन्या देवीको मन्दिरमा पुजा आजा र जात्रा गरेर धान्य पूर्णिमा पूजा सम्पन्न गर्ने गरिन्छ । यो पूजाको निम्ति हरेक घरबाट एक एक जना मन्दिरमा जानुपर्दछ र दिनभरी व्रत (उपवास) बसेर बेलुका बत्ती बाल्नुपर्दछ । पुजामा यस दिन देवीलाई भेटी, अक्षता, पानी, रोटी, फलफूल आदि चढाउनु पर्दछ । पुजामा बलिदिने चलन छैन र देवीलाई मासु चढाउने गरिदैन । धान्य पूर्णिमाको रातभरि जाँड रक्सी खाने र पुरुष महिलाहरुले संयुक्त रुपमा नाचगान गरि रात बिताउने गर्दछन । मूलत यो पुजा हिउँदे वाली भित्र्याएपछिको खुसियालीमा आयोजना गर्ने गरेको भेटिन्छ ।

### ५.६.७. संसारी पुजा

संसारी पुजा बैशाख र मंसिरमा गरी वर्षको दुईपटक गरिन्छ । गाउँमा रोग व्याधि नआओस भनि प्रत्येक घरबाट आवश्यक पुजाका सामग्री जम्मा गरिन्छ । संसारी भाइलाई पाठीको भोग दिनुपर्दछ । यो पुजा मिजार र गौरुङ्गले संयुक्त रुपमा गर्ने चलन छ । पुजा गरिसकेपछि सो स्थानमा जांड, रक्सी र मासुको भोज खाने नाच गान गर्ने चलन छ ।

### ५.६.८. चण्डी पूर्णिमा पुजा

चण्डी पूर्णिमा, बैशाख र जेष्ठ महिनामा आयोजना गरिने गरिन्छ । यो दिन जंगलदेवी भगवती र पाँचकन्या देवीको मन्दिरमा कुखुरा, कुखुराको फूल, पाठी आदि चढाएर गाउँका बुढापाकाहरुले गाउँका मानिस र वस्तुभाउ रक्षाका लागि देवीलाई पुकार्दछन् । पुजा सम्पन्न भएपछि गाउँलेहरु जम्मा भएर भोज खाने गर्दछन् ।

### ५.६.९ कुलदेवता पुजा

माझी जातिको टोलको मुल घरमा कुल देवता राखिएको हुन्छ । मुल घरको एउटा कुनामा कसैले चामलको पिठो र सिन्दुर भित्तामा दलेर कुल देवता स्थान बनाएको हुन्छ, भने कसैले कुल देवताको रुपमा ढुङ्गा राख्ने गरेको पाईन्छ । हरेक तिहारको भाई टिकाको

अघिल्लो दिन कुलदेवताको पुजा गर्ने चलन छ । यो पुजा गर्दा नौ वटा कुखुराको भोग दिनुपर्दछ । नौ वटा कुखुरा मध्ये एउटा कुखुरालाई “भित्रेसी” भनिन्छ । त्यसलाई कुलदेवता राखिएकै स्थानमा खानुपर्दछ । यसको मासु विवाहित चेलीबेटी र अन्य व्यक्तिले खानु हुदैन । यिनिहरुको कुलदेवता राखिएको स्थानमा कुल भन्दा वाहिरको व्यक्तिहरुलाई जान बन्देज गरिएको हुन्छ ।

## ५.७ स्वास्थ्य

माझी जातिको टोल तथा घरको विग्रिएको वातावरण, न्यून आर्थिक अवस्था, शिक्षाको अभावका कारण कुपोषण तथा उपचारको अभावले गर्दा यिनिहरुलाई विभिन्न रोगले समात्ने गरेको पाईन्छ । विशेष गरी यिनीहरुमा कुपोषणबाट हुने विभिन्न रोगहरु लागेको देखिन्छ । यस जातिमा शिशु मृत्युदर उच्च रहेको छ । क्षयरोग, झाडापखाला, आँऊ, जुका, टाइफाइड यिनिहरुलाई लाग्ने मुख्य रोगहरु हुन् । यस जातिमा मानिस बिरामी हुँदा अस्पताल लैजाने चलन अत्यन्त नगन्य रुपमा पाईन्छ । धामी, झँक्री, झारफुक गर्ने, भूतप्रेत मन्साउने, र विभिन्न देवताहरुको पुजामा विश्वास गर्ने चलनले रोगीलाई घरमा नै राखी उपचार गर्ने गरेको पाईन्छ । विरामीलाई स्थानिय रुपमा पाइने सामान्य जडिबुटी प्रयोग गरेर उपचार गर्ने गरिन्छ, भने आधुनिक उपचार पद्धतिप्रति प्रर्याप्त विश्वास विकास नभएको पाईन्छ । आधुनिक औषधी प्रयोग गर्दा देउता रिसाउँछ भन्ने अन्धविश्वासको धारणा प्रवल भएबाट पनि यिनिहरुको स्वास्थ्य राम्रो भएको देखिदैन र उपचार गर्न आधुनिक पद्धति मंहगो समेत भएकोले पनी यस तर्फ उनीहरुको ध्यान आकृष्ट हुन सकेको छैन ।

तालिका नं. ७ : माझी जातिमा परम्परागत धार्मी झाक्रीबाट उपचार प्रयोग कर्ताको विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत उपचार प्रयोगकर्ता | ३६ | ८५.७२ |
| २ | आधुनिक उपचार प्रयोगकर्ता | ६ | १४.२८ |

| | | | |
|---|---|---|---|
| | जम्मा | ४२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माझी जातिमा परम्परागत उपचार पद्धतिमा धामी, झाक्रीहरुको मा गै उपचार गर्ने हरुको प्रतिशत ८५.७२ र आधुनिक उपचारमा हस्पिटल, डाक्टर, प्राइभेट क्लिनिक मा  जानेको प्रतिशत १४.२८ देखिन्छ । यसबाट के देखिन्छ भने अहिलेको २१ औं शताब्दीमा पनि माझिजातिहरुलाई भने आधुनिक उपचार पद्धतिप्रति अझै चेतनाको कमी रहेको पाईन्छ ।

## ५.८ मनोरञ्जन

मनोरञ्जन मानव जातिको अभिन्न पक्ष हो । माझी जातिले गर्ने मनोरञ्जन पनि आफ्नै तरिकाले विकास भएको पाईन्छ ।  ऐतिहासिक कालदेखी नै मनोरञ्जनका साधनको रुपमा विभिन्न नाचगान, बाजागाजा जात्रा, मेला र पर्वहरुको विकास गर्दै आएको भेटिन्छ । यसरी नै माझीहरु कृषि, वन र नदीसंग सम्बन्धित भएकोले यिनिहरुको मनोरञ्जनमा यसको प्रभाव बढि रहेको देखिन्छ । वर्षायाममा खेत रोपाईमा महिलाहरु असारे गीत गाउने तथा पुरुष र महिला एक आपसमा हिलो छयापाछ्याप गरी रमाउने गर्दछन् भने जेष्ठ महिनामा गाउँका सबै मानिसहरु नदीको किनारमा भेला भएर बाजा बजाएर धुमधामसंग कोशी पुजा गरेर मनोरञ्जन गर्ने गर्दछन् भने संसारी पुजा, भुमे पुजा, धान्यपूर्णिमा पुजा, चण्डी पूर्णिमा पुजा आदि गरीसकेपछि भोजभतेर गरेर बाजा बजाएर नाचगान गर्ने गर्दछन । दशैंमा पिङ्ग खेल्ने र तिहारमा देउसी, भैलो खेल्ने गरी मनोरञ्जन गर्ने गर्दछन्  दशै र तिहारको टीकाको दोश्रो दिन पितरा निकालिन्छ र पितरामा विशेष गरी महिलाहरुले ढोल बजाएर पितृका नाममा विभिन्न गीतहरु गाउने गर्दछन् । माझी जातिमा बाजाका रुपमा मादल, ढोल, मुरली र झ्याम्टा प्रयोग गरेको पाईन्छ । यिनिहरु घास दाउरा गर्न वन जंगल जाँदा पनि गीत गाउने गर्दछन् । भने उनीहरुको समुदायमा पुरुष र महिला बीचको दोहोरी गीत अत्यन्त लोकप्रिय छ । माझी जातिमा विभिन्न जात्रा र मेलाहरुमा उत्साहपूर्वक सहभागिता भएको  हुन्छ । केटा र केटीहरु एक आपसमा जिस्कने ठट्टा मजाक गर्ने पनि गर्दछन् ।

हिजो आज मनोरञ्जनका साधनहरुमा आएको परिवर्तनले माझी जातिमा पनि प्रभाव पारेको पाईन्छ । रेडियो, नाटक, टेलिभिजन, विभिन्न चलचित्र हेरेर मनोरञ्जन लिने भएकोले परम्परादेखि अपनाउँदै आएको विधिहरु यस जातिमा क्रमशः लोप हुँदै गएको अवस्थामा देखिन्छ ।

## ५.९ शैक्षिक अवस्था

यस गा.वि.स.मा माझी जातिको शैक्षिक स्थितिको अबस्था तालिका नं. १२ मा उल्लेख गरिएनुसार छ ।

तालिका नं. ८

उत्तरदाता माझी जातिको घरपरिवारको शैक्षिक स्थिति (६ बर्ष भन्दा माथि)

| क्र.सं. | शिक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | द्धछ | घघ | ठड | द्छाज्ञट |
| २ | साक्षर | घड | द्धट | डद्ध | द्ठाण्ढ |
| ३ | प्राथमिक तह | घट | छद्ध | ढण | द्ढाण्घ |
| ४ | माध्यमिक तह | ज्ञद् | ज्ञड | घण | ढाटठ |
| ५ | उच्च शिक्षा (१०+२) | ड | ज्ञद् | द्ण | टाद्धछ |
| ६ | स्नात्तक वा सो भन्दा माथि | द् | ट | ड | द्दाछड |
| | जम्मा | ज्ञद्धज्ञ | ज्ञटढ | घज्ञण | ज्ञणणाण |

*श्रोतः* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार महिलाहरुको दांजोमा पुरुषहरु बढि शिक्षातर्फ उन्मुख रहेको पाइन्छ ।

## ५.१० आर्थिक अवस्था

### ५.१०.१ पेशा

टाँडी गा.वि.स. का मात्र नभै अन्यत्रका माझीहरुको पनि प्रमुख पेशाकजो रुपमा माछा मार्ने कार्य नै हो र यो कार्य परम्परगत रुपमा चल्दै आएको व्यवसाय भएतापनि हाल यसमा विस्तारै ह्रास आउँदै गएको पाईन्छ । यस टाँडी गा.वि.स. ५ अर्न्तगत रहेका ४२ घर परिवारका माझीहरुको पेशागत विवरणको बारेमा अध्ययन गर्दा आएको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

उत्तरदाताका आधारमा माझी जातिको पेशागत विवरण

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ११ | २६.१९ |
| ज्यालादारी /माछामार्ने | १६ | ३८.१० |
| नोकरी | ८ | १९.०४ |
| व्यापार | ७ | १६.६७ |
| जम्मा | ४२ | १००.० |

*श्रोत:* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकामा २६.१९% माझीहरु कृषि पेशामा आश्रीत देखिन्छन् भने लगभग ३८.१०% माझीहरु माछा मार्ने र दैनिक ज्यालादारी गरी आफ्नो परिवारको जीवन चलाइ रहेको देखिन्छ । पेशागत आधारमा १६.६७% व्यपार व्यवसायी तथा १९.०४% रोजगारीमा सम्लग्न भएको देखिन्छ । जसले गर्दा यिनीहरुको आर्थिक अवस्था दैनिक रुपमा सुदृढ

हुनुको सट्टा अरुको तुलनामा कष्टकर रहेको देखिन्छ जसको फलस्वरुप यिनिहरुको दैनिक जिविकोपार्जनको कार्य अत्यन्त परम्परागत ढाँचा र पछौटेपनबाट गुज्रिरहेको पाईन्छ ।

### ५.१०.२ भूस्वामित्व

टाँडी गा.बि.स. ५ का माझिजातिका कुल परिवार संख्या ४२ घर परिवारले उपभोग गर्दै आएको भुमिको अवस्थालाई ४ भागमा बिभाजन गरि तलिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

उत्तरदाताका आधारमा माझि जातिको भुमिको बिबरण

| भुमिको क्षेत्रफल | संख्या | प्रतिशत |
|---|---|---|
| भुमिहिन | २ | ४.७६ |
| ०.०१देखि ५ रोपनी | ३५ | ८३.३४ |
| ५.०१देखि १० रोपनी | ३ | ७.१४ |
| १०.०१ रोपनी भन्दामाथि | २ | ४.७६ |
| जम्मा | ४२ | १००.० |

*श्रोतः* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार भुमिहिन, ०.०१ देखि ५ रोपनी सम्म भएका परिवार, ५.०१ देखि १० रोपनी सम्म भएका परिवार र १०.०१ रोपनि भन्दा माथि भएका परिवार गरि तालिकामा प्रस्तुत गरिएको छ । त्यसैले माझिजातिको आर्थिक अवस्थालाई पनिजमिनकै माध्यमबाट बिश्लेषण गरिएको छ । नमुना छानौटमा भुमिहिन परिवार पनि भेटिएको छ जुन परिवार को हालसम्म आफ्नो नाउमा एक टुक्रा जमिन पनि यस पृथ्वीमा नभएको कुरालाई प्रस्ट्याएकोछ ४२ घर परिवारमा २ परिवार रहेको छ। जुन ४.७६% प्रतिशत पर्न आउदछ । ०.०१ देखि ५ रोपनी सम्म जमिन हुनेको मात्रा सर्वाधिक रहेको छ ८३.३४% घर परिवार रहेको छ , ५.०१ देखि १० रोपनी सम्म जमिन भएको ३ घर परिवार अर्थात ७०.१४% रहेको छ, १०.०१ रोपनि देखि माथि जमिन हुने माझिहरुको घर परिवार संख्या २ अर्थात ४.७६% रहेको छ ।

यसले माझिजातिको आर्थिक अवस्था त्यति राम्रो रहेको देखाउदैन जुन मात्रको जमिन उनिहरुसंग रहेपनि त्यसलाई सदुपयोग गरि त्यसबाट प्राप्त हुने खाद्यान्न र आम्दानीले  जिबिकोपार्जन गर्न कठिनाई भईरहेको कुरालाई जमिनको मात्रा र उपभोगको अवस्थाले प्रस्ट्याएको छ । यसरी माझि जातिको घर परिवार संग रहेको जमिन धेरै मात्रामा कमसल अर्थात पाखो रहेको पाईन्छ जसले उत्पादनको न्यून अवस्थालाई पुष्टि गर्दछ । त्यो जमिन पनि परम्परागत कृषि प्रणालीले गर्दापनि माझिजातिको आर्थिक अवस्थालाई सुदृढीकरण गर्न अत्यन्त आवश्यक रहेको देखिन्छ ।

### ५.१०.३. खाद्यान्न पर्याप्तताको स्थिति

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| वर्ष भरी खान पुग्ने | ५ | ११.९० |
| ६ महिना मात्र खान पुग्ने | १५ | ३५.७३ |
| ३ महिना मात्र पुग्ने | २० | ४७.६१ |
| खेती नभएको | २ | ४.७८ |
| जम्मा | ४२ | १००.०० |

माझि परीवारमा खद्यान्न वर्षभरी खान पुग्नेको संख्या ११.९० प्रतिशत छ भने ६ महिना मात्र खान पुग्ने  परीवार संख्या ३५.७३ प्रतिशत र ३ महिना मात्र खान पुग्नेको संख्या ४७.६१ रहेको छ भने खेती नै नहुनेहरु ज्याला मजदुरी, माछा मार्ने अरुको घरमा काम गर्ने गर्दछन् । यसबाट के प्रष्ट हुन्छ भने माझि समुदायमा भुमी हुनेहरुको संख्या ज्यादै नै कम भएको र भएकाहरुले पनि आफ्नो जमिन बेच्ने गर्दा उनिहरुलाई जिवन

चलाउन निकै कठिन भएको छ । उनीहरु मध्ये खेती हुनेहरुले सिजन अनुसारको खाद्यन्न बालिहरु जस्तै धान, मकै, गहुँ, तोरी र आलु लगाउने गर्दछन ।

### ५.१०.४ पशुपंक्षी

टांडी गा.वि.स. ५ का माझि जातिका मानिसहरुको ४२ घर संख्याका परिवारमा पाल्दै आएका घरपालुवा पशुपंक्षीहरुको विवरणलाई तलको तालिकामा देखाईएको छ ।

तालिका नं ११

उत्तरदाताका आधारमा पशुपंक्षी पालनको विवरण

| पशुपंक्षी | संख्या | प्रतिशत |
|---|---|---|
| गाई र गोरु | २६ | १३.२७ |
| रागाँ र भैंसी | ६ | ३.०६ |
| खसी र बाखा | ४५ | २२.९६ |
| कुखुरा र हाँस | ७२ | ३६.७३ |
| बंगुर र सुँगुर | ४७ | २३.९८ |
| जम्मा | १९६ | १००.० |

*श्रोतः* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका अनुसार गाई र गोरु, राँगा र भैसी, खसी र बाखा, हाँसर कुखुरा र बंगुर र सुँगुर गरि पाँच भागमा विभाजन गरिएको छ । नेपाल जस्तो कृषि प्रणलीमा अत्याधिक मात्रामा रहेको मानिसहरुको पेशानै पशुपंक्षी र तिनिहरुबाट प्राप्त हुने आय नै प्रमुख हुने गर्दछ। यिनीहरुबाट प्राप्त हुने मल कृषि कार्यको रुपमा र भैंसी र राँगाबाट प्राप्त हुने दुध र पछि मासु खानमा , खसी र बाखा, कुखुरा र हाँस, बंगुर र सुँगुर पनि मासुको रुपमा प्रयोग गरिने हुँदा अल्पविकसित मूलुकको मानिसलाई आवश्यक पर्ने स्वास्थ्य कार्य गर्न समेत यसको अहं भूमिका रहने हुँदा पनि यि पशुपंक्षीलाई आर्थिक पक्षकै रुपमा लिने

गरिन्छ । माथिको तालिकामा कुल १९६ पशुपंक्षी मध्ये सबैभन्दा बढी कुखुरा र हाँस ७२ अर्थात ३६.७३%, दोश्रो स्थानमा खसी र बाखा ४५ अर्थात २२.९६%, तेश्रोमा र वंगुर सुगुर ४७ अर्थात २३.९८% चौथो स्थानमा गाई र गोरु २६ अर्थात १३.२७% र अन्त्यमा भौसी र, राँगा ६ अर्थात ३.०६% पर्न आउँदछ । यसरी माथिको तालिकालाई हेर्दा पनि यो ४२ घर परिवार संख्याको पशुपंक्षी विवरण अत्यन्त कम रहेको देखिन्छ । किनकी पशुपंक्षीको पालननै कृषि पेशाको आधार स्तम्भ भएकोले पनि आर्थिक मजबुति गर्नु यि जातिको लागि टड्कारो आवश्यकता देखिएको छ ।

### ५.१०.५ आम्दानी

टाँडी गा.वि.स. ५ का माझी जातिको घरपरिवारको वार्षिक आम्दानीको यथार्थ विवरणलाई ४ भागमा विभाजन गरिएको छ जसलाई तलको तालिकामा देखाइएको छ।

तालिका नं १२

उत्तरदाताका आधारमा वार्षिक आम्दानीको विवरण

| क्र.सं | आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-१०००० | २ | ४.७६ |
| २ | १०००१-३०००० | २७ | ६४.२९ |
| ३ | ३००००-५०००० | ७ | १६.६६ |
| ४ | ५०००० भन्दा माथि | ६ | १४.२९ |
| | जम्मा | ४२ | १०० |

*श्रोत:* स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकामा सबैभन्दा बढी परिवारसंख्या १०००१-३०००० बीचमा रहेको छ । जसमा २७ घरपरिवार रहेको छ । त्यसपछि १०००० को बीचमा २ घरपरिवार, ३०००१ देखि ५०००० को बीचमा ७ परिवार र २०००१ भन्दा माथि आम्दानी हुने परिवार ६ रहेको छ । जसको कारण उनिहरुको वार्षिक आम्दानी अत्यन्त न्यून रहेको कुरालाई पुष्टि गर्दछ । फलस्वरुप उनिहरुले आर्जन गरेको बार्षिक आम्दानीले बार्षिक खर्चलाई नधानिरहेको पाईन्छ जसले गर्दा आफ्नो खर्चलाई सापट्टी वा ऋण लिएर जिविकोपार्जन

गरिरहेको कुरा देखाउदछ भने उनिहरुबाट प्राप्त आम्दानी बचत भई अन्य कार्यमा लगानी वा खर्च गर्ने अवस्था नरहेको कुरा प्रष्ट झल्किने गर्दछ । आम्दानीले दैनिक हातमुख जोर्नलाई समेत नपुगिरहेको कुराले गर्दा सरकारी तथा गैह्रसरकारी तवरबाट हुने सहयोग उनिहरुको आम्दानी बृद्धि गर्नमा गर्नुपर्ने देखिन्छि ।

# अध्याय -छ

# सारांस, निष्कर्ष र सुझाव

## ६.१. सारांस

नेपाल भौगोलिक आकारले सानो भएतापनि विभिन्न जातजाति र संस्कृतिले भरिपूर्ण, संगम स्थलको रुपमा परिचित रहेको पाईन्छ । यो देश बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक एक भूपरिवेष्टित मुलुकको रुपमा अवस्थित छ । जसलाई भौगोलिक अवस्थाको आधारमा तीन भागमा विभक्त गरिएको छ जस्मा हिमाली प्रदेश, पहाडि प्रदेश र तराई प्रदेश पर्दछन् । जातिय दृष्टिकोणले पनि भोट, पहाड र तराई गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । भोटमा मुख्यगरी, शेर्पा, थकाली, भोटे जातिहरु बस्दछन् र उनीहरु बौद्ध धर्म मान्दछन् । पहाडी भागमा मुख्यगरी राई, लिम्बु, गुरुङ्ग, ब्राम्हण, क्षेत्री, माझी (वोटे) सुनवार चेपाङ्ग, दमै, कामी, सार्की आदि जाति वासोवास गदर्छन् । तराई प्रदेशमा मुख्य गरी मैथली, राजपुत, थारु, कायस्थ, राजवंशी वोटे आदि पाईन्छ । पहाडी प्रदेश र तराई प्रदेशका जातिहरु अधिकांश हिन्दु धर्म मान्दछन् ।

जातिय र धार्मिक विविधता भएपनि यिनीहरुको विचारमा एकता रहेको छ । यी सबै जातिहरु एउटै मालामा आवद्ध भएका छन् । यसै माला भित्र एक अल्पसंख्यक र पिछडिएको माझी जातिको स्थितिलाई समय सापेक्ष गर्न पर्ने आजको आवश्यकता भएको हुँदा सामीजक सांस्कृतिक, आर्थिक अवस्थाको वर्तमन स्थितिको सर्वेक्षण गर्ने उद्देश्य अनुसार अध्ययन गर्ने प्रयास गरेको छ । यस आधारमा हेर्दा नेपालका ६६ जिल्लाका नदीकिनारमा अव्यवस्थित रुपमा छरिएर रहेका अल्पसंख्यक, पिछडिएका र दयनिय अवस्थामा यी बोटे जाति रहेका छन् । यी जातिहरुको अध्ययन गर्दा अध्ययन विधि अन्तर्गत अध्ययनका लागि सिन्धुली जिल्ला टाँडी गाविस वडा नं. ५ मा माझीहरुको बसोवास छनौट गरिएको छ । यस अध्ययनका सुचनाहरु प्राथमिक र द्वितिय श्रोतबाट संकलन गरिएको छ । यस वडाका ३३५ माझीहरुको घर संख्यालाई विषय वस्तु बनाई माझीहरुको ४२ ओटा घर परिवार मूलिसंग अन्तर्वाता लिएको छ । तथ्यांक संकलन गर्दा अवलोकन विधिको अधिकतम प्रयोग गरिएको छ। समग्रमा भन्नु पर्दा यो अध्ययन योजनाको

स्वरुप खोजमूलक एवम वर्णनात्मक भएको एउटा जाति विशेषको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको अध्ययन वर्णन हो । संकलित तथ्यांकलाई ब्याख्या, विश्लेषण गरि  बोधगम्य बनाउने प्रयास गरिएको छ ।

माझी जातिको भौतिक र अभौतिक दुवै सांस्कृतिक पक्षहरु छन् । माझी भाषा भारोपेली परिवारको सल्म वर्गको भारत - इरानेली वर्गबाट विकसित हुँदै मागधेली शाखाबाट आएको हो । टाँडी गाविसका माझीहरु पनि आज माझी भाषामा वोलचाल गर्दछन् । यिनीहरुको घरवास र खानपान अन्य जनजातीहरुसंग मिल्दोजुल्दो पाईन्छ  भने पहिरन , कृषी औजार तथा  अन्य प्रयोगको सामानहरु पर्वते व्राहम्ण, राई, गुरुङ, दनुवार, मगर, तामाङ, क्षेत्री र नेवार सम्प्रदायसंग निकै मिल्दो छ । यिनीहरुले प्रयोग गर्ने वाद्ययन्त्रहरुमा, मादल, ढोलक, तवला र झ्याली नै प्रमुख हुन् । अभौतिक संस्कृतिको रुपमा यिनीहरुको धर्म एवं देवी- देवता, चाडपर्व, मनोरञ्जन व्यवहार एवं विश्वास लिइएको छ । हिन्दु धर्मावलम्बी माझीजातिले प्रमुख देवताको रुपमा भिमसेन, काली वनदेवतालाई मान्दछन् । यस्तै चाडपर्वहरुमा दशै, तिहार, ठूलो एकादशी, कोशी पूजा, सोह्रश्राद्ध आदि प्रमुख मानिन्छ । छोटकी नाच  वडकी नाच र यिनिहरुको प्रसिद्ध मनोरञ्जनपूर्ण नृत्य हो । धामीझांक्री ,तन्त्रमन्त्र, भाकल भेटी आदि यिनीहरुको व्यवहार र विश्वास हुन् ।

यस गाविसका माझीहरु केन्द्रिय परिवार, संयुक्त परिवार र विस्तृत, परिवारमा रहेका छन् । परिावारमा महिलाको स्थिति पुरुषको भन्दा खस्कदो अवस्था छ । पितृ सतात्मक सामाजिक संरचना भएकोले यस जातिमा पुरुष माझीले आफू भन्दा माथिल्लो जातको महिला विवाह गरेमा पनि निजलाई समाजबाट वहिष्कार गरिन्छ । जुन कानूनी प्रावधान र आधुनिक युग विपरितको कार्य हो । यस्तै महिलाको शैक्षिकस्तर कम हुनु, महिलाहरु कुवाको भ्यागुता झै कृषि घर गोठ र भात भान्छामा मात्र सिमिति रहनुले महिलाहरुको स्थिति दयनिय भएको प्रमाणित हुन्छ, माझी जातिको नातेदार प्रणाली अन्य जातिको जस्तै पाइएता पनि नातेदारीमा सेवा, सत्कार र भेदभावमा कुनै पक्षपात पाइदैन । मीत लगाउनमा यस गाउँका माझीहरु सिपालु र उत्सुक देखिन्छन् । माझीहरुको सामाजिक नियन्त्रण तथा समस्या समाधान गर्ने परिपार्टी साह्रै महत्वपूर्ण छ । आफ्नो समाजको समस्याहरु सकभर आन्तरिक रुपबाटै मिलाउन उनीहरु लागि पर्छन्  भने सामाजिक नियन्त्रण पनि सोही अनुरुप चाहन्छन् ।

यसको अलावा आपतविपतमा पर्नेहरुको लागि एउटा सामाजिक कोषको व्यवस्था गरिएको छ। सबैको सहमति भएमा सामाजिक कोषको रकमबाट भोज खाने चलन पनि छ । यस्तै समाजका एकले अर्कोलाई काममा सघाउने पर्म व्यवस्था पनि प्रचलित भएकाले यो जातिको सामाजिक समन्वय सहयोग र सद्भाव प्रगाढ देखिन्छ ।

नेपालका विभिन्न जिल्लामा फैलिएर वसोवास गरेका माझीहरुको आफ्नै मौलिक सामाजिक रहन सहन, व्यवहार र धार्मिक भावनाका प्रचलनहरु रहेको पाईन्छ । यस्तो प्रचलन टाँडी गाविसका माझीहरुमा पनि पाईन्छ । जस अन्तर्गत नवजात शिशुको भाग्य लेख्नको लागि बच्चा जन्मेको छैटौ दिनमा भावी आउंछ भन्ने विश्वासमा माझीहरु झाम्रे नाचेर रातभरि जागा वस्छन् । जसलाई छैटी भनिन्छ । त्यस दिन दाजु भाइ इष्टभित्रलाई खानपीन गर्ने चलन छ । बच्चा जन्मेको ३ दिनदेखि ७ दिनमा बच्चाको नामाकरण (न्वारान) गरिन्छ । यसरी नामाकरण गर्दा बच्चा जन्मेका बार, ठांउ, जन्मेको आधार बनाएर गरिन्छ । जस्तो आइतबार जन्मेको आइते, सोमवार जन्मे सोमे, बुधवार जन्मे बुधे, चैतमा जन्मे चैते आदि । माझीहरुको छोराको ६ महिना र छोरीको ५ महिनामा अन्नप्रासन (भातखुवाउने) गर्ने परम्परा छ । यो फरक पार्नुको वास्तविक कुरा थाहा नभए पनि परम्परा तोड्न सकेका छैनन् । भात खुवाइको दिनमा बच्चाको दिदीले बच्चालाई नुहाई दिन्छिन् । नयाँ कपडा, तामाको वाला र टीका लगाएपछि भात खुवाई सम्पन्न हुन्छ ।

यी जातिको विवाह आफ्नै जातमा हुने गरेता पनि अन्य जातजस्तै दरै, दनुवार, कुमाल, दम्काली राजवंशी आदि जातिमा गरेका पाईन्छ । यिनीहरुमा एक आपसमा मन मिलेका केटाकेटी भागेर गई विवाह गरेपछि पनि दुवै तर्फका बावु आमाको स्वीकृति भई दस्तुर बुझाएपछि मात्र विवाह सम्पन्न भएको मानिन्छ । पछि दुलही माइतमा गएपछि दुलहीले दुलाहाको घरमा लागेको कुखुराको भाले पोथीलाई दुलाहाले काट्दछ । यसरी काट्दा जुन पहिले मर्दछ त्यही अनुसार दुलाहा दुलहीको मृत्यु हुन्छ भन्ने विश्वास अदि छ । आफ्नो जातभन्दा माथिल्लो केटीलाई आफ्नो माझी सन्तानले विवाह गरेमा मथिल्लै जातकी केटोलाई पनि यस समुदायले भेदभाव, धृणा र वहिस्कार गरेको पाईन्छ ।

विवाह प्रथामा केटी माग्न जादा दुलाहाका तर्फबाट एकपाथी रक्सी लग्नु पर्दछ र यसरी लगिएको रक्सी केटीको बुवाले समाएमा विवाह छिनिएको मानिन्छ। विवाह गर्न दुलाहा घरबाट हिड्दा एकपटक आफ्ना आमाको दुध चुस्नु पर्दछ बाबु आमाले नै प्रायः रक्सी चुरोट पिउने हुनाले केटाकेटीहरु पनि प्रायः रक्सी चुरोट पिउने गर्दछन् । बच्चा जन्मदा केटा भए, यिनीहरुको वंश बाबुतिर र केटी भए आमातिर जाने प्रचलन छ ।

माझीहरुमा आफ्नो जातको मानिससंग पोइल जानुलाई नराम्रो मानिदैन तर आफ्नो जात भन्दा माथिल्लो जातसंग पोइल जानुलाई सामाजिक मर्यादा विपरित दृष्टिले हेरिन्छ । माझीहरुमा भाउजु बेहोर्ने चलन छ जसलाई अमर्यादित मानिदैन माझीहरुले ढोगभेट गर्दा अरु सबै सामान्य भए तापनि ज्वाईले सासु ससुरा र भान्जाले मामालाई अभिवादन गर्दा देव्रेहातले दाहिने हातको नाडी समाई दाहिने हातका औलाले निधार छुन्छन् । एक पटक पोइल गइसकेकी स्वास्नी मानिस पुन पहिले कै लोग्नेसंग फर्कन चाहेमा र उसको लोग्ने स्वीकार गरेमा समाजमा आपत्तिजनक मानिदैन । माझीहरुले मानिस मरेपछि खोला वा नदीको किनारमा लगेर जलउने गाड्ने गर्दछ ।

मानिस मरिसकेपछि हरियो बँसको डण्डीमा लास बँधी खोलामा लगेर लासका कपडा सबै काटी नदीमा फालिन्छ र लासलाई खाल्टो खनी उत्तानो पारेर सुताईन्छ । त्यसपछि यो लासलाई नछुने गरी लासको माथिबाट दाउरा वा काठले यसरी छोपिन्छ कि जसले गर्दा यो लास अब कुनै वस्तुले छुन नसकोस् । त्यसपछि वालुवा र ढुङ्गाले खाल्टो पुरिन्छ । खाल्टो खन्न प्रयोग गरिएको कोदालोको विडं र वाँसका घाराहरु लासको छेउमा राखि छोराको मुण्डन गरी सबै मलामीले नदीमा नुहाएपछि घरमा फकर्ने चलन छ । माझीहरु ११ दिन सम्म मात्र  काजकृया गर्दछन् र उनीहरु चौंथो दिनका दिन केराउ भुटेर खाने छैंठौ दिनका दिन घोत मिसाउने चलन छ । क्रिया वस्दा नून, चिल्लो माछामासु खान हुँदैन । प्रत्येक दिन नदीमा गएर नुहाएर दिनभरि नदिकै किनारमा वसी साझ मात्र घरमा फकर्ने गर्दछन् । मानिस मरेको ११ औं दिनमा ११ वटा चुला बनाई भोज खुवाउने र मृतकको सम्झनामा बर्खी गीत पनि गाईन्छ । १२ औं दिन कृया वसेको ठाउँमा नै मृतकको नाममा थारो भैसीको वली दिई नाचगान सहित  भोज भतेर गर्ने परम्परा छ । माझीहरुको मृत्यु संस्कार भैसी नभई पुरा हुदैंन । १२ औं दिनमा  भोज गरी श्रद्धाञ्जली गरेपछि कृया समाप्त हुन्छ । यस्तै लास गाडेर घर फर्कदा माझीहरु बाटामा एक मुठी चामल र पैसा

राख्दछन् । जसलाई वुर्की भनिन्छ ।साथै दोबाटोमा कांडालाई ढुंगाले च्याप्ने गर्दछन् । यसो गर्दा मृत आत्माले दुःख दिदैन भने विश्वास छ । माझीहरु मृत व्यक्तिको मूर्ति बनाई उसको संम्झना स्वरुप मूर्तिपूजा गर्ने गर्दछन् । माझी जातिमा रहेका प्रमुख सामाजिक संस्कारहरु अन्य जातिहरुसंग पनि मेल खाए तापनि उनीहरुको सामजिक संस्कारको आफ्नै परिचय छ भन्न सकिन्छ । माझी जातिको संस्कार एवं संस्कृतिमा विद्यमान केही विचित्र कुराहरु पनि पाईन्छन् । माझीहरु रातमा एक्लै माछा मार्न जाँदा फलामे गोटी मुखमा हालेर हिड्ने गर्दछन् । यसो गर्दा भूत, प्रेत, पिसाच आदिले दुःख दिन सक्दैन ।

समाजमा माझीहरुको आफ्नै सामाजिक एवं सांस्कृतिक परम्परा तथा संस्कारहरु छ । हाम्रो जस्तो देशमा साना जनजातिका भाषा संस्कृति विस्तारै लोप हुँदै जानु त्यति नौलो कुरा मान्न सकिदैन तर सम्पूर्ण भाषा सबै संस्कृतिको उचित संरक्षणको लागि संविधानमा आवश्यक व्यवस्था भैसकेको परिप्रेक्षमा लोप हुँदै जान लागेको माझी जनजातिको भाषा, संस्कृति, आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक पक्षहरुको संरक्षण एवं सम्वर्द्धन गर्न सवैको प्रयास हुनु आवश्यक छ ।

## ६.२ निष्कर्ष

सिन्धुली जिल्लाको टाँडी गाविसमा रहेका माझी जातिको सामाजिक र आर्थिक अध्ययनबाट निम्न निष्कर्ष निकालन सकिन्छ ।

### १) शिक्षाको अभाव

काठमाडौबाट मध्यम दुरीको जिल्ला भएता पनि शिक्षाको राम्रो व्यवस्था भएको छैन । यहां प्रायः प्राथमिक स्तर सकेपछि आर्थिक स्तर कमजोर हुनका कारण आफ्नो सन्तानलाई स्कूल पठाउने इच्छा हुदाहुदै पनि पठाउन सकेका छैनन् । जसबाट यहँका बालवालिका शिक्षाको घामबाट टाढिन पुगेका छन् । स्कूल जाने उमेरका बालवालिकाहरु पनि श्रममूलक पेशामा संलग्न भएका छन् । भोलिको जनशक्तिको रुपमा रहेका बालवालिका

शिक्षाको न्यानोपनवाट टाढा हुनुले देशका साथै उनीहरुको सिप सिक्ने, ज्ञान आर्जन गर्ने र त्यसबाट आम्दानी गर्ने जस्ता मौकाबाट बन्चित भएको देखिन्छ । त्यसबाट अलग हुनु भनेको आर्थिक मात्र नभई सामाजिक परिवर्तनको बाधक वन्न पुग्दछ ।

### २) विकासको पूर्वाधारको अभाव

टाँडीमा यस जातिको उत्थान र विकास गर्ने खालका कुनै संघ संस्थाहरु स्थापना भएका छैनन् । पूर्वाधारका रुपमा रहेको शिक्षा, स्वास्थ्य, सडक, सञ्चार, विद्युत आदिको उपभोग अत्यन्त दयनीय रहेकोले पनि यस जातिले आफ्नो विकास, समृद्धि र सामाजिक परिवर्तन गर्न सकिरहेको  छैन ।

### ३) मेहनती जाति

माझी जाति निकै परिश्रमी छन् । साना बाल-वालिकाहरुदेखि महिलावृद्धहरु समेत अधिकांश समय श्रममूलक कार्यमा व्यस्त हुन्छन् । यिनीहरु पनि समय र अवसर पाएको खण्डमा केही गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्दछन् ।

### ४) आर्थिक पछौटेपन

यस जातिमा पनि आर्थिक पिडाको छटपटि भईरहेको कुरा पाइन्छ । जहाँ आफ्नो दैनिक श्रमबाट प्राप्त हुने आम्दानी ले जीबन धान्न धौधौ परेको पाइन्छ । नेपाल जस्तो अल्पबिकसित राज्यको सम्पतीको रुपमा रहेको जग्गा जमिनको मात्रा अत्यन्त न्यून रहेको पाइन्छ । त्यसरीनै अधिकांश परिवार कृषि  र अन्य ज्यालादारी पेशा गरेर जीबन गुजारेकोले पनि आर्थिक बिपन्नता बिद्यमान रहेको, मेहनति भएर पनि परम्परागत विधि र अवस्थाबाट माथि  नउठेको  पाईन्छ ।

### ५) सामाजिक परिवर्तनको अभाव

माझि जातिका आफ्नै किसिमको सामाजिक संस्कार भएकोले पनि समयानुसार आफुलाई परिवर्तन गर्न नसकिरहेको कुरा कसैसामु लुकेको छैन । सामाजिक परिवर्तनको रुपमा रहेको शिक्षा अत्यन्त न्यून रहेको कारणबाट पनि परम्परागत संस्कार, रितिरिवाजलाई

परिमार्जन गर्न नसकिरहेको पाईन्छ । अझै पनि अन्तरजातिय विवाहलाई घृणा गर्नु , भाउजुलाई अगाल्नु आदि पर्दछन् । मिलनसार, सरल र सुधो जाति भएर पनि समाजको राजनैतिक, आर्थिक आदि कार्यमा पछाडि नै रहेकाले पनि समाजको मुहारमा परिवर्तनको अभाव खड्कीरहेको पाईन्छ ।

# सन्दर्भ सामाग्रीहरु


अधिकारी, रेसराज, (२०५६) - ***नेपाली समाज र संस्कृति,*** विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ ।

केन्द्रिय तथ्याङ्क विभाग, (१९९५)- ***पपुलेसन मोनोग्राफ अफ नेपाल,*** राष्ट्रिय आयोग, काठमाण्डौ, नेपाल ।

कैनी, श्रीमती प्रभा, (२०५६)- ***बोटे जातिको अध्ययन*** नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि.वि., नेपाल ।

कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, (२०४७), ***नेपाल अधिराज्यको संविधान,*** कानून किताव व्यवस्था समिति, काठमाडौ ।

खत्री, प्रेम कुमार, (२०३६)- ***नेपाल समाज र संस्कृति,*** अनुसन्धान केन्द्र त्रि.वि.वि., नेपाल ।

गुरुङ्ग, हर्ष (१९९६), ***फेजेज अफ नेपाल,*** हिमाल किताव पसल, नेपाल ।

गोलनर, डेविड एन, (१९९१)- ***हिन्दुइजम टाइबलिज्म एण्ड पोजिसन अफ ओपन द प्रोवलेन्स अफ नेवार,*** आइडेन्टिटी म्यान २६ ।

गौतम, राजेश र अशोक कुमार थापामगर, (१९९४)- ***ट्राइबल इथलोग्राफी अफ नेपाल,*** भाग १० बुक फेथ दिल्ली, ।

शर्मा, जनकलाल (२०४२), ***हाम्रो समाज एक अध्ययन,*** साभ्का प्रकाशन ।

जिल्ला विकास समिति, (२०६७)- ***जिल्ला पार्श्व चित्र,*** सिन्धुली, जि.वि.स. नेपाल ।

जिल्ला विकास समिति, (२०५७)- ***आवधिक जिल्ला विकास योजना २०५७/२०६४,*** प्रकाशन, सिन्धुली जिल्ला विकास समिति ।

तामाङ, सीताराम (२०४४), ***नेपालका जनजातय समस्या,*** नयां बजार, काठमाडौ ।

दास प्रभाकरलाल, (२०५२), ***नेपालको ग्रामीण समाजशास्त्र*** , आनन्द विक्रम बाबु ऐण्ड सन्स काठमाडौं ।

गुरुङ, डा. हर्क (२०४८), ***जनजाती सेरोफेरो,*** नेपाल आदीबासी जनजाति महासंघ ।

ढुङ्गेल, राममणि, (२०५१)- ***चेपाङ्ग समुदाय र संस्कृति,*** साभ्का प्रकाशन, काठमाण्डौ ।

नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान (२०५२), ***नेपाली वृहत शब्दकोष,*** काठमाडौ ।

पोखरेल, बालकृष्ण, (२०३६)- ***राष्ट्र भाषा,*** साभ्का प्रकाशन, काठमाण्डौ ।

खत्री, प्रा डा. प्रेम (२०३०), ***हाम्रो समाज र संस्कृति,*** पाठयक्रम विकास केन्द्र, त्रि.वि. ।

पोफेन, वर्गर मार्क, (१९८०)- ***प्याइनस अफ चेन्ज द हिमालयन नेपाल,*** न्यू दिल्ली, इण्डिया ।

वर वेस्किना जेड, याकोन्लेया एल र जर्डिन दि, (१९५८)- ***ह्वाट इज हिस्टोरिकल मेटेरोलिज्म,*** प्रोग्रेस पब्लिर्शस, मस्को रुस ।

विष्ट, डोर व., (२०३०)- ***सबै जातको फुलवारी,*** प्रथम संस्करण साझा प्रकाशन, काठमाण्डौ,

मुबाहाङ्ग, वालकृष्ण (२०५६), ***राष्ट्रिय जनगणनामा जनजातिको सहि तथ्याङ संकलन गर्न आउनै पर्ने रणनीतिहरु,*** राष्ट्रिय जनजाति विकास समिति, काठमाडौ ।

मगर आले, सुरेश, (२०५४)- ***नेपालको जातिय समस्या र समाधानको मार्क्सवादी बाटो,*** केन्द्रिय तदर्थ समिति अखिल नेपाल जनजाति महासंघ, काठमाडौं, नेपाल

शर्मा, जनकलाल, (२०५८)- ***हाम्रो समाज एक अध्ययन,*** साझा प्रकाशन, काठमाण्डौ।

शर्मा पौड्याल, हीरामणि, (२०४२)- ***बोटे भाषाको अध्ययन*** ।

शर्मा, नगेन्द्र, (२०५२)- ***नेपाली जनजिवन,*** साझा प्रकाशन, काठमाण्डौ ।

सूचना विभाग (२०३१), ***मेचीदेखि माहाकाली सम्म,*** श्री ५ को सरकार, सूचना विभाग, काठमाडौ ।

श्रेष्ठ, हरिप्रसाद (१९८७), ***नेपालको इतिहास र संस्कृति एक झलक,*** काठमाडौ ।

## परिशिष्ट - (क)

# घरधुरी सर्वेक्षण प्रश्नावली

## भाग-१ : सामान्य जानाकारी

१.१ घर संख्या :

१.२ घरमूलीको नाम :

१.३. वडा नं. :

१.४. पारिवारिक विवरण

जम्मा परिवार संख्या :

| क्र.स | नाम | लिङ्ग म.पु. | घरमूलीसंगको सम्बन्ध | उमेर | वैवाहिक अवस्था | शिक्षा | धर्म | पेशा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१.५ परिवारका प्रकार

एकात्मक ☐ संयुक्त ☐ वृहत ☐

१.६. तपाईको घर घरपरिवारबाट छुट्टीएर कोही बसाई सरेर गएको छ ? यदि छ भने कहाँ किन गएका हुन ?

| बसाई सरी गएको ठाउँ | जम्मा परिवार संख्या | बसाई सराईको कारण |
|---|---|---|
| | | |
| | | |

१.७ घर र गोठको संख्या

क. घर..................

ख. गोठ..................

# भाग-२ कृषि र वाली

२.१ तपाईको जग्गाको कुल क्षेत्रफल कति छ ?

| जग्गाको किसिमअवस्था | खेत रोपनी | बारी रोपनी | खरवारी रोपनी | वन रोपनी | अन्य रोपनी | जम्मा रोपनी |
|---|---|---|---|---|---|---|
| सिंचित | | | | | | |
| असिंचित | | | | | | |

२.२ तपाईले खेति गर्नु भएको जग्गाको क्षेत्रफल स्वामित्व कस कस्को हो ?

| प्रकार | कुल क्षेत्रफल | आफ्नो जग्गा | अरुको कमाएको | अरुलाई कमाउन दिएको |
|---|---|---|---|---|
| खेत | ......रोपनी | .....रोपनी | ......रोपनी | .......रोपनी |

| | | | | |
|---|---|---|---|---|
| बारी | ......रोपनी | .....रोपनी | .....रोपनी | ......रोपनी |

२.३ बाली प्रणली र उत्पादन

क. खेत

| क.स. | खेत | वाली-१ | बाली-२ | बाली-३ | बाली-४ | वाली-५ | |
|---|---|---|---|---|---|---|---|
| क. | बालीको नाम | ..... | ....... | ....... | ....... | ....... | |
| ख. | रोपेको क्षेत्रफल | .....रोपनी | .....रोपनी | ....रोपनी | ....रोपनी | .....रोपनी | |
| ग. | कुल उत्पादन | .....रोपनी | ....रोपनी | ....रोपनी | ......रोपनी | .....रोपनी | |
| घ. | रसायनिक मल | .......रोपनी | ....रोपनी | ....रोपनी | ......रोपनी | ....रोपनी | |

२.४ फलफूल खेति तथा उत्पादन

| क.स. | फलफूलकोवाली | जम्मा रुखसंख्या | फलदिनेरुख संख्या | जम्मा उत्पादन(के.जी.) |
|---|---|---|---|---|
| १ | सुन्तला | | | |
| २ | निवुवा | | | |
| ३ | अम्बा | | | |
| ४ | केरा | | | |
| ५ | हलुवाबेद | | | |
| ६ | आरु | | | |
| ७ | नास्पती | | | |
| ८ | अन्य | | | |

## भाग -३ बस्तुभाउ तथा पशुपंक्षी

३.१ पशुपालनको अवस्था

| क्र.स. | पशुपंक्षी | संख्या | | |
|---|---|---|---|---|
| | | आफ्नो | अरुको पालेको | जम्मा |
| १ | गाई / गोरु | | | |
| २ | भैंसी / राँगा | | | |
| ३ | बाखा /बाखी | | | |
| ४ | भेडा / भेडी | | | |
| ५ | संगुर / बंगुर | | | |
| ६ | हाँस कुखुरा | | | |
| ७ | खरायो | | | |
| ८ | परेवा | | | |
| ९ | अन्य | | | |

## भाग -४ आम्दानि तथा खर्चको विवरण

### ४.१ परिवारको नगद आय आर्जन गर्ने प्रमुख श्रैंतहरु

| क्र.स | श्रोतहरु | रकम |
|---|---|---|
| क | अन्न बिक्रि | |
| ख | बस्तुभाउ विक्रि | |
| ग | दूध बिक्रि | |
| घ | स्थायी नोकरीको तलव | |
| ङ | अस्थायी नोकरीको ज्याला | |
| च | निवृतिभरन | |
| छ | बाहिर भएको परिवारबाट प्राप्त | |
| ज | व्यापार | |
| झ | नगद वाली बिक्रि | |
| ञ | अन्य | |

४.२ तपाईको परिवारमा गत वर्ष कति नगद खर्च भएको थियो ?

(क) कृषि खर्च रु......

ख) गैर्ह कृषि......

| शिर्षकहरु | खर्च |
| --- | --- |
| क. कृषि जन्य खर्च | |
| रासायनिक मल | |
| बिउ | |
| किट्नासक औषधि | |
| ज्याला | |
| अन्य | |
| जम्मा | |
| ख. गैर्हकृषि कृयाकलापको खर्च | |
| १. खाद्यान्न | |
| २ लत्ता कपडा | |
| ३ शिक्षा | |
| ४ औषधि | |
| ५ यातायात | |
| ६ मालपोत | |
| ७ सामाजिक कृयाकलाप | |
| ८ घर मर्मत तथा सुधार | |
| ९ इन्धन | |
| १० अन्य | |
| जम्मा | |

# परिशिष्टांक-"ख"

## विशेष व्यक्ति संग सोधिने प्रश्नावली

१ तपाईको मुख्य चाडपर्व केके हुन ? र वर्ष भरिमा कति चाड पर्व मनाउनु हुन्छ ?

२. तपाईको जातिमा कस्तो कस्तो प्रकारको विवाह हुन्छ ? विवाह प्रकृया बारे प्रष्ट पार्नुहोस ।

३. बच्चाको नामाकरण केको आधारमा गर्नुहुन्छ ?

४ कसैको मृत्यु भएमा के गर्नु हुन्छ ?

क. गाड्ने ख. पोल्ने ग बगाइदिने घ अन्य कुनै भए

५ मृत्यु  हुंदा कृया कस्ले कति दिन गर्छ र अरुलाई जुठो कति दिन बार्नु पर्छ ?

६. तपाईको अरु जाति संग कस्तो सम्बन्ध छ ? अरु जातिसंग तपाईको झगडा भएको छ या छैन ?

७ तपाईको गाउँमा झगडा भएमा कस्ले मिलाउछ ?....

८ तपाईको मुख्य खाना, पहिरन केके हुन ?

माझीहरुको उत्पत्ति सम्बन्धी

१. तपाईलाई आफ्नो जातीको बारे किंवदन्ती केही थाहा भए बताइदिनु हुन्छ कि ?

२ तपाईको कूल देवता के हो ? र कूल पूजा गर्ने भए कहिले गर्नु हुन्छ या गर्नु हुदैन ?

३ यस बाहेक अन्य कुन कुन देवताको पूजा गर्नु हुन्छ ?

४. त्यस ठाउँमा बसाई सरी आउनु भएको भए कहिलेआउनु भएको हो ?

५.विवाह वारी कसरी गर्नु हुन्छ ?

६. तपाइहरुको मामा चेला फुपु चेली विवाह गर्नु हुन्छ वा गर्नु हुदैन ?

७ माझीहरुको थर गोत्र केके हुन्छन् ?

८ तपाईको थर गोत्र केके हो ?